# प्रथम आवधिक गाउँपालिका विकास योजना
# First Rural Municipality Development Plan

(आर्थिक वर्ष २०७६/०७७ – २०८०/०८१)

# बालवालिकाको पार्श्वचित्र तथा लगानी योजना
# Rural Municipality CHILD PROFILE & INVESTMENT PLAN

विजयनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपरी, कपिलबस्तु
५ नं. प्रदेश, नेपाल

२०७७

# प्रथम आवधिक गाउँपालिका विकास योजना
(आर्थिक वर्ष २०७६/०७७ – २०८०/०८१)

# बालवालिकाको पार्श्वचित्र तथा लगानी योजना
# Rural Municipality CHILD PROFILE & INVESTMENT PLAN

**प्रकाशक**

**विजयनगर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**पिपरी, कपिलवस्तु**
**५ नं. प्रदेश, नेपाल**

**परामर्शदाता**

**लुम्बिनी सामाजिक विकास केन्द्र**
**सन्धिखर्क १, अर्घाखाँची**
**फोन नं. : ०७७-४२०६५७**
**इमेल :** lumbinisdc@gmail.com

# विषयसूची


**परिच्छेद - १** ........ 6

१. विजयनगर गाउँपालिकाको संक्षिप्त परिचय ........ 6

१.१ नामाकरण ........ 6

१.२ भौगोलिक अवस्थिति ........ 6

१.३ प्राकृतिक स्वरुप ........ 6

१.४ हावापानी, भु–उपयोग ........ 6

१.५ तापक्रम ........ 7

**१.६ नदी र ताल ........ 7**

१.७ मन्दिरहरू ........ 8

१.८ गाउँपालिकाको आर्थिक अवस्था ........ 9

१.९ गाउँपालिकाका मानिसहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था ........ 9

१.१० विकासका सम्भावना, अवसर, चुनौती र समस्या ........ 9

१.१०.१ विकासका संभावना ........ 9

१.१०.२ विकासका अवसर ........ 10

१.१०.३ विकासका समस्या ........ 10

१.१०.४ विकासका चुनौतीहरू ........ 10

**परिच्छेद - २** ........ 11

२. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र ........ 11

२.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यक्ता ........ 11

२.१.१ बालमैत्री स्थानीय शासन कार्यक्रमको आवश्यक्ता ........ 11

२.१.२ बालमैत्री स्थानीय स्वायत्त शासन अवधारणासम्बन्धी केही तथ्यहरू ........ 12

२.२ विद्यमान ऐन नियममा बालबालिकासम्बन्धी भएको व्यवस्था ........ 12

२.२.१ सवैधानिक तथा कानूनी व्यवस्था ........ 13

२.२.२ नेपालको संविधान २०७२ मा मौलिक हक अन्तर्गत समावेश भएको बालबालिको हक सम्बन्धी प्रावधान ........ 13

२.३ जिल्ला, नगर, गाउँ स्तरीय योजनामा बालबालिकासम्बन्धी भएको व्यवस्था ........ 13

२.३.१ जिल्ला बाल कल्याण समिति ........ 13

२.३.२ जिल्ला बाल कल्याण समितिको गठन ........ 14

२.३.३ जिल्ला बाल कल्याण समितिको मुख्य उद्धेश्यहरू ........ 14

२.३.४ जिल्ला बाल संरक्षण तथा सम्बर्द्धन उपसमिति ........ 15

२.३.५ गाउँबाल संरक्षण तथा सम्बर्द्धन उपसमिति ........ 15

२.३.६ जिल्ला बाल कल्याण समितिको भूमिका ........ 16

२.४ बाल समूह वा बाल क्लबहरु ........ 17

२.४.१ बालबालिकाहरूको विभिन्न निकायमा प्रतिनिधित्वसम्बन्धी विवरण ........ 20

२.४.२ सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच....................................................20
२.५ बालमैत्री गाउँपालिकाको अवधारणा....................................................20
२.६ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र....................................................21
२.७ बालमैत्री स्थानीय शासन संचालनको संस्थागत व्यवस्था....................................................21
२.८ बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरू....................................................24
२.९ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बालविकास, बाल सहभागिता)....................................................25
२.९.१ सेवा प्रवाहसम्बन्धी सूचकहरू....................................................25
२.९.२ संस्थागत विकाससम्बन्धी सूचकहरू....................................................26
२.१० बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्था....................................................27
२.१०.१ केन्द्रीय स्तरका साझेदारहरू....................................................27
२.१०.२ जिल्लास्तरका साझेदारहरू....................................................30
२.१०.३ गाउँपालिकास्तरीय साझेदारहरू....................................................32
२.११ बालमैत्री सुशासनयुक्त गाउँपालिका स्थापनाका लागी अवसर र सम्भावनाहरु....................................................34
**परिच्छेद-३**....................................................35
**३.१ उमेर समूह तथा जातिगत आधारमा जनसङ्ख्या....................................................35**
**३.१.१ उमेर समूह अनुसारको जनसङ्ख्या....................................................35**
**३.१.२ जातिगत आधारमा जनसङ्ख्याको विवरण....................................................36**
**३.१.३ वडागत आधारमा जनसङ्ख्याको विवरण....................................................38**
**३.१.४ मातृभाषाका आधारमा जनसङ्ख्याको विवरण....................................................39**
**३.१.५ वडामा रहेका टोलको विवरण....................................................40**
**३.१.६ परिवार सङ्ख्या र प्रति परिवार औसत सङ्ख्या....................................................41**
३.२ जन्मदर्ता सम्बन्धी विवरण....................................................41
३.३ बाल बिवाहको अवस्था....................................................43
**परिच्छेद ४**....................................................44
**४.१ सुरक्षित मातृत्व कार्यक्रम....................................................45**
**४.२ खोप लगाउने बालबालिका र पूर्णखोप गाउँपालिका घोषणा सम्बन्धी विवरण....................................................45**
**४.३ पोषण सम्वन्धी विवरण....................................................45**
**४.४ गाउँपालिकामा देखापरेका मुख्य रोग....................................................46**
**४.५ परिवार नियोजनको साधन प्रयोग, वितरण र सहयोगी निकायको विवरण....................................................46**
**४.६ महिला स्वास्थ्य स्वयंसेविका....................................................47**
**४.७ गाउँघर क्लिनीक र नियमित खोप....................................................47**
४.८ खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण....................................................47
**परिच्छेद ५**....................................................49
५. शैक्षिक अवस्था....................................................49
**५.१.१ बालविकास केन्द्रको विवरण....................................................52**

**५.१.२ विद्यार्थी संख्याको विवरण ........................................................................ 54**
**५.१.३ शिक्षक विवरण......................................................................................... 56**
**परिच्छेद ६** ........................................................................................................59
**६. बाल संरक्षण**..................................................................................................59
**६.१ द्वन्द्वपिडित तथा जोखिममा परेका बालबालिकासम्बन्धी विवरण** ..........................................60
**६.२ बालश्रमिक सम्बन्धी विवरण**..............................................................................60
**६.३ सडक बालबालिकाको विवरण**............................................................................61
**६.४ संस्थागत हेरचाहमा रहेका बालबालिकासम्बन्धी विवरण**...................................................62
**परिच्छेद - ७** ....................................................................................................63
**७.बालमैत्री स्थानीय शासन सञ्चालनको सम्भावना, अवसर, समस्या र चुनौतिहरुको विश्लेषण**................63
**७.१ सबल पक्ष तथा सम्भावनार अवसर**......................................................................63
**७.२ सुधार गर्नुपर्ने पक्ष तथा समस्याहरू** ......................................................................64
**७.३ जोखिम पक्ष तथा चुनौतिहरू**..............................................................................65
**परिच्छेद - ८** .....................................................................................................66
**८.बालबालिकासम्बन्धी कार्यक्रम र सेवाहरू**.........................................................................66
**अनुसूचीहरु** ........................................................................................................69
**अनुसुचि १ सेवा प्रवाह तथा सो कार्यान्वयन गर्ने र सहयोगी निकाय सम्बन्धी सूचकहरु**
**अनुसुची २ बालमैत्री स्थानीय शासनको सार**

**तालिकासूची**

**तालिका नं. १ ताल तथा पोखरीको विवरण**
**तालिका नं. २ बाल क्लबको विवरण**
**तालिका नं. ३ बाल सञ्जालका पदाधिकारी**
**तालिका नं. ४ उमेर समूह अनूसार जनसङ्ख्याको विवरण**
**तालिका नं. ५ जातिगत संरचनाको आधारमा जनसङ्ख्याको विवरण**
**तालिका नं. ६ वडागत आधारमा जनसङ्ख्याको विवरण**
**तालिका नं. ७ मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण**
**तालिका नं. ८ वडाअनुसार टोलको विवरण**
**तालिका नं. ९ परिवार सङ्ख्या र प्रति परिवार औसत सङ्ख्याको विवरण**
**तालिका नं. १० जन्म, मृत्यु तथा विवाह दर्तासम्बन्धी विवरण**
**तालिका नं. ११ गाउँपालिकामा रहेका स्वास्थ्य चौकीको विवरण**
**तालिका नं. १२ खानेपानीको मुख्य स्रोतको विवरण**
**तालिका नं. १३ गाउँपालिकामा सञ्चालित विद्यालयको विवरण**
**तालिका नं. १४ वालविकास केन्द्रको विवरण**
**तालिका नं. १५ विद्यार्थी सङ्ख्याको विवरण**
**तालिका नं. १६ गाउँपालिकामा कार्यरत स्वयंसेवक शिक्षकको विवरण**

# परिच्छेद - १

## १. विजयनगर गाउँपालिकाको संक्षिप्त परिचय

### १.१ नामाकरण

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको ५ नं. प्रदेश अर्न्तगत कपिलवस्तु जिल्लाको १० वटा स्थानीय तह मध्येको विजयनगर गाउँपालिका पनि एक हो । वि.स. १८७२ मा अङ्ग्रेज नेपाल अन्तिम युद्ध हुँदा बुटवलबाट उजीरसिंहको नेतृत्वमा भगाएपछि पश्चिम कपिलवस्तुको साविक पत्थरदेइया गाविसको विजयनगर भन्ने स्थानमा आएर बसेका अङ्ग्रेजलाई शिवगढीमा रहेका गोर्खाली सेनाले अङ्ग्रेज माथि आक्रमण गरी विजय प्राप्त गरेको स्थानलाई विजयनगर भन्ने गरिएको छ । सोही स्थानको नामबाट गाउँपालिकाको नामाकरण विजयनगर राखिएको गाउँपालिकामा कार्यरत सामाजिक विकास अधिकृत बासुदेव जमरकट्टेलले बताएका छन् । नेपाल सरकारले गाउँपालिकाको केन्द्र साविक खुरूहुरिया गाविसको कार्यालय, पिपरीमा राख्ने निर्णयबमोजिम सोही स्थानबाट सञ्चालनमा रहेको छ । ७ वटा वडा रहेको गाउँपालिकामा साविकका (गुगौली, खुरूहुरिया, पत्थरदेइया र गणेशपुर) गाविस समावेश भएका छन् । १७३.१९ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको गाउँपालिकामा ३६,९३७ जनसङ्ख्या रहेको छ । गाउँपालिकाको पूर्वमा शिवराज नगरपालिका र पश्चिममा दाङ जिल्ला र भारत, उत्तरमा दाङ जिल्ला र दक्षिणमा कृष्णनगर नगरपालिका रहेका छन् ।

### १.२ भौगोलिक अवस्थिति

कपिलबस्तु जिल्लाको पश्चिम दक्षिणमा पर्ने विजयनगर गाउँपालिका जिल्लाको पश्चिमा तथा दाङ्ग जिल्लाको सिमानामा अवस्थित छ । यसको सीमानामा पूर्वमा शिवराज नगरपालिका र पश्चिममा दाङ जिल्ला र भारत, उत्तरमा दाङ जिल्ला र दक्षिणमा कृष्णनगर नगरपालिका रहेका छन् ।

### १.३ प्राकृतिक स्वरुप

यो गाउँपालिका तराइको श्रृङ्खलमा रहेको विभिन्न प्रकारको माटोले बनेको समथर भू-भाग रहेको छ। यहाँको प्राकृतिक सम्पदाको रूपमा वनजङ्गल रहेको छ। गाउँपालिकामा प्रायः बलौटे दोमट माटो पाइन्छ।

### १.४ हावापानी, भु–उपयोग

गाउँपालिकामा उष्ण र उपोष्ण प्रदेशीय हावापानीले गर्दा विशेष गरी वैशाख, जेष्ठमा गर्मी हुन्छ भने पुष, माघ महिनामा जाडो हुन्छ ।

### १.५ तापक्रम

पृथ्वीको उत्तरी गोलार्धमा भएकोले यहाँ गृष्म ऋतु (जेठ, असार) मा गर्मी हुन्छ। वर्षा ऋतुमा पानी पर्ने हुनाले गर्मी केही कम हुन्छ। शरद् ऋतु (असोज, कार्तिक) र बसन्त ऋतु (चैत बैशाख) मा पनि गर्मी हुन्छ। हेमन्त ऋतु (मंसीर, पुष) र शिशिर ऋतु (माघ फागुन) मा भने यहाँ जाडो हुन्छ।

### १.६ नदी र ताल

गाउँपालिकामा सुरही खोला, गंगटे खोला, चिरही खोला, बिसवा खोला, सुख्ला खोला, कल्यानकोट खोला, नई खोला र भूमिगत एवम् सतह पानी जलभण्डारका रूपमा रहेका छन् । त्यस्तै यहाँ साना ठूला ताल पनि रहेका छन् । शंकरपुर, बद्धौर, करजा, पूरैना, मूरदहवा ताल लगायत ३१ वटा ताल पोखरीको रहेका छन् । गाउँपालिकामा रहेका ताल पोखरीको विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका नं. १ : ताल तथा पोखरीको विवरण**

| क.स. | तालपोखरीको नाम | ठेगाना | क्षेत्रफल हेक्टरमा |
|---|---|---|---|
| १. | मुरदहवा ताल | विजयनगर गा.पा. वडा नं. १ | ३ |
| २. | पुरैना ताल | विजयनगर गा.पा. वडा नं. १ | ५ |
| ३. | सोगा ताल | विजयनगर गा.पा. वडा नं. १ | २ |
| ४. | जडमकुडवा ताल | विजयनगर गा.पा. वडा नं. २ | २ |
| ५. | पडरीया ताल | विजयनगर गा.पा. वडा नं. २ | २ |
| ६. | पौराना ताल | विजयनगर गा.पा. वडा नं. २ | २ |
| ७. | जलैहिया पोखरी | विजयनगर गा.पा. वडा नं. २ | १ |
| ८. | लोहरौला पोखरी | विजयनगर गा.पा. वडा नं. २ | १ |
| ९. | समयमाई ताल | विजयनगर गा.पा. वडा नं. २ | २ |
| १०. | लालपुर पोखरी | विजयनगर गा.पा. वडा नं. २ | २ |
| ११. | बावली पोखरी | विजयनगर गा.पा. वडा नं. २ | २ |
| १२. | मैनारी ताल | विजयनगर गा.पा. वडा नं. ३ | १ |
| १३. | भवनी भिक्षु ताल | विजयनगर गा.पा. वडा नं. ३ | १ |

| | | | |
|---|---|---|---|
| १४. | महदैया ताल | विजयनगर गा.पा. वडा नं. ३ | १ |
| १५. | शंकरपुर ताल | विजयनगर गा.पा. वडा नं. ४ | १३ |
| १६. | कुडउ ताल | विजयनगर गा.पा. वडा नं. ४ | १ |
| १७. | डगडौवा ताल | विजयनगर गा.पा. वडा नं. ४ | १ |
| १८. | महदेवा ताल | विजयनगर गा.पा. वडा नं. ५ | १ |
| १९. | जुगुनिया ताल | विजयनगर गा.पा. वडा नं. ५ | १ |
| २०. | सिसवा भर्रा ताल | विजयनगर गा.पा. वडा नं. ५ | ३ |
| २१. | बघमरवा ताल | विजयनगर गा.पा. वडा नं. ५ | १ |
| २२. | बघमरी ताल | विजयनगर गा.पा. वडा नं. ५ | १ |
| २३. | सोनहि ताल | विजयनगर गा.पा. वडा नं. ५ | ३ |
| २४. | जुडपनिया ताल पुर्व | विजयनगर गा.पा. वडा नं. ६ | १ |
| २५. | जुडपनिया पोखरी उत्तर | विजयनगर गा.पा. वडा नं. ६ | १ |
| २६. | फरेनी पोखरी | विजयनगर गा.पा. वडा नं. ६ | १ |
| २७. | करजा ताल | विजयनगर गा.पा. वडा नं. ६ | ४ |
| २८. | बद्धौर ताल | विजयनगर गा.पा. वडा नं. ६ | ९ |
| २९. | मधुनगर ताल पुर्व | विजयनगर गा.पा. वडा नं. ७ | ३ |
| ३०. | मधुनगर ताल उत्तर | विजयनगर गा.पा. वडा नं. ७ | ३ |
| ३१. | ढेढरी दुदरा  ताल | विजयनगर गा.पा. वडा नं. ७ | ६ |

स्रोत : विजयनगर गाउँपालिका, दोस्रो गाउँपालिका विकास योजना २०७५/७६

## १.७ मन्दिरहरू

यस गाउँपालिकामा प्रमुख धार्मिक तथा पर्यटकीय स्थानहरू निम्नानुसार रहेका छन् ।

| क्र.स. | पर्यटकीय स्थलको नाम |
|---|---|
| १. | दुधाधारी बाबा मन्दिर |
| २. | बडकी माई |
| ३. | पुरैना बाबा |
| ४. | पुरैना बाबा मन्दिर |

| | |
|---|---|
| ५. | पिपरी समय माई मन्दिर |
| ६. | शंकरपुर ताल |
| ७. | समयमाई देवस्थान |
| ८. | जवाबैराठ होमस्टे तथा १ नं. पिलर |

स्रोत : विजयनगर गाउँपालिका, दोस्रो गाउँपालिका विकास योजना, २०७५

## १.८ गाउँपालिकाको आर्थिक अवस्था

यस गाउँपालिकामा घरेलु, साना, मझौला उद्योग सञ्चालनमा रहेका छन् । उद्योगको प्रकृतिको आधारमा यस गाउँपालिकामा सञ्चालित उद्योग धन्दाहरूमा विविधता पाइन्छ । कृषिमा आधारित उद्योग अन्तर्गत फलफूल तथा तरकारी नर्सरीहरू, कुखुरापालन, माछापालन, गाई पालन, भैसी पालन, डेरी तथा दाना उद्योगहरू सञ्चालनमा रहेका छन् । वन पैदावारमा आधारित उद्योग अन्तरगत, स-मील, फर्निचर, जडिबुटी औषधिहरू रहेका छन् भने अन्य उत्पादन मूलक उद्योग अन्तरगत स्टेशनरी, साबुन, प्लाष्टिक, इटा, आदि रहेका छन् भने सेवामूलक प्रेस, छापाखाना, कन्स्ट्रक्सन, ढुवानी सेवा, शीत भण्डार, सञ्चार सेवा, प्रशिक्षण, परामर्श सेवा, स्वास्थ्य सेवा, आवास निर्माण आदि र पर्यटनतर्फ होटल रेष्टुरेण्ट ट्राभल एजेन्सी जस्ता उद्योगहरू सम्बन्धित निकायमा दर्ता भई सञ्चालित छन् । यहाँको आर्थिक अवस्थाको मुख्य स्रोत भनेकै कृषि तथा व्यापार रहेको पाइन्छ ।

## १.९ गाउँपालिकाका मानिसहरूको प्रमुख व्यवसाय तथा रोजगारीको अवस्था

यस गाउँपालिको मुख्य आर्थिक मेरुदण्डको रुपमा कृषि नै रहेको छ । यहाँ धान, गहुँ, मकै प्रमुख कृषि उपज हुन् । अधिकांश मानिसहरू कृषि पेशामा आश्रित छन् । जिविकोपार्जनका लागि यहाँका मानिसले उद्योग व्यापार, सरकारी सेवा, तथा वैदेशिक रोजगारका अवसरलाई पनि अबलम्वन गरेको पाइन्छ । वैदेशिक रोजगारका लागि यहाँका युवाहरू भारतका अतिरिक्त अष्ट्रेलिया, मलेसिया, कतार, जापान, अमेरिका लगायतका देश गएका छन् ।

## १.१० विकासका सम्भावना, अवसर, चुनौती र समस्या

### १.१०.१ विकासका संभावना

१. यहाँको सामुदायिक वनमा विभिन्न घाँस, जडिबुटी गरि स्थानीय समुदायको आय आर्जन बढाउन सकिने समभावना रहेको छ ।

२. धार्मिक पौराणिक तथा पर्यटकीय स्थलहरुको रुपमा विकास गर्न सकिने प्रशस्त सम्भावन रहेको छ ।

३. कृषिजन्य उत्पादनमा आधारित प्रशोधन उद्योगहरु स्थापना गर्न सकिनेछ ।

४. कृषि उत्पादन, बैमौसमी तरकारी, फलफुल उत्पादनको प्रचुर सम्भावना रहेको छ ।

### १.१०.२ विकासका अवसर

१. नेपाल सरकारबाट तोकिएको योजनामा प्राप्त हुने थप बजेटले विकास निर्माणम थप टेवा पुग्न गएको छ ।

२. स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) सञ्चालनमा आएको छ । जसले नगरको विकास निर्माणमा थप टेवा पुऱ्याएको छ ।

३. स्थानीय विकास शुल्क कोष र सो अन्तर्गतको जगेडा कोष कार्यक्रमले नगरको पुर्वाधार विकासमा थप टेवा पुऱ्याएको छ ।

४. गाउँपालिका क्षेत्रमा शिक्षा, स्वास्थ्य, बालवालिका, HIDS & AIDS लगायत विभिन्न क्षेत्रमा काम गर्ने गै.स.स. हरु कृयाशिल रहेको अवस्थाम यथोचित समन्वय र परिचालन गर्न सकेमा गाउँपालिकाको विकासमा टेवा पुगने देखिन्छ ।

५. विजयनगर गाउँपालिकाको रणनीतिक अवस्थितिको कारणले छिमेकी जिल्लाहरुमा वस्तु सेवा तथा कृषि उत्पादनहरूको बजार विस्तार र विकास गर्न सक्ने प्रचुरसम्भावना पनि छ ।

६. गाउँपालिकाको सम्पूर्ण वार्डहरु मोटरबाटो र यातायातबाट जोडिएकोले वस्तु सेवा तथा कृषि उत्पादनहरूको ओसारपसार तथा आयआर्जनको बजारीकरणमा सहजता हुँदै गएको छ ।

७. प्रत्येक वडामा नै वडा स्तरीय/बस्तीस्तरीय गोष्ठीहरु सञ्चालन गर्दा बढी भन्दा बढी सरोकारवालाहरुको सहभागिता गराई योजना प्राथमिकिकरण छनौट गर्दा बढी प्रभावकारी हुने ।

### १.१०.३ विकासका समस्या

१. जीवन निर्वाह खेती प्रणाली, कृषि तथा पशुपालनहरूको व्यावसायिकरण हुन सकिरहेको छैन । विजयनगर गाउँपालिकामा प्राविधिक ज्ञान तथा सीप र क्षमताको अभाव रहेको देखिन्छ ।

२. गाउँपालिकाको समग्र विकासको लागि गाउँपालिका स्थित सरोकारबालाहरू र सरकारी संघसंस्थाहरू बिचमा एकिकृत योजना निर्माण, कार्यान्वयन तथा अनुगमन हुन सकेको छैन ।

३. योजना तर्जुमा, कार्यान्वयन तथा क्षेत्रगत बजेट विनियोजन वा क्रियाकलाप अनुसारको बजेट विनियोजन तथा गा.वि.स. लगायत अन्य सम्बन्धित निकायहरूले स्वतन्त्र रुपमा काम गर्न नसक्नु ।

### १.१०.४ विकासका चुनौतीहरू

१. गाउँपालिकामा जलवायु परिवर्तन न्युनीकरण र अनुकुलन कार्यक्रमहरू तयार पारी कार्यान्वयन गर्न नसकिएको ।

२. सरकारी तथा स्थानीय निकायहरूका कार्यालयहरूमा सेवाग्राहिहरूको सेवा दिने जनशक्ति (कर्मचारी) अत्यन्त न्युन हुँदै जानु ।

# परिच्छेद - २

## २. बालमैत्री स्थानीय शासनको अवधारणा र कार्यक्षेत्र

## २.१ बालबालिकाको परिभाषा तथा बालमैत्री स्थानीय शासन व्यवस्थाको आवश्यक्ता

### बालबालिकाको परिभाषा

- बाल अधिकार सम्बन्धी महासन्धी अनुसार १८ वर्ष मुनीका मानबलाई बालबालिकाको रुपमा परिभाषा गरिएको छ ।

### २.१.१ बालमैत्री स्थानीय शासन कार्यक्रमको आवश्यक्ता

तत्कालिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय निकाय, जिल्ला शिक्षा कार्यालय, जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला बालकल्याण समिति तथा अन्य साझेदार संस्थाहरूसगँको सहकार्य तथा युनिसेफसँगको साझेदारीमा वि.सं. २०६५ सालदेखि सुनसरी, काभ्रेपलाञ्चोक, तनहुँ र दाङमा र २०६६ सालदेखि जुम्ला, डडेलधुरा र कास्की जिल्लाका जि.वि.स.हरूमा बालमैत्री स्थानीय शासन कार्यक्रम लागू गरेको छ । मोरङ जिल्लाको बिराटनगर उप-महानगरपालिका बालमैत्री स्थानीय शासन लागू गरिएको छ भने बालमैत्री शासन लागू गरिएका अन्य जिल्लाहरूमा २ वटागाविसलाई नमूनाको रूपमा बालमैत्री गाविस चयन गरी कार्यक्रम लागू भएका छन् ।हालसम्म १९ वटा जिल्ला विकास समिति र ४ वटा नगरपालिका ( पाँचथर, सुनसरी, सप्तरी, उदयपुर, काभ्रेपलाञ्चोक, तनहुँ, कास्की, दाङ, जुम्ला, डडेलधुरा, नवलपरासी, कपिलबस्तु, रुकुम, डोल्पा, मुगु, अछाम, बाजुरा, बझाङ, मोरङ र बिराटनगर उपमहानगरपालिका, घोराही, तुलसीपुर र नेपालगञ्ज) मा बालमैत्री शासनको अवधारणालाई अगाडि बढाएका छन् ।

बालमैत्री स्थानीय शासन भन्नाले बालबचाउ, बालसंरक्षण, बालविकास, र अर्थपूर्ण बालसहभागितालगायत बालअधिकार परिपूर्तिका सवाललाई स्थानीय निकायको नीति, संरचना, प्रणाली र कार्य प्रक्रिया र व्यवहारमा संस्थागत गर्ने शासकीय पद्धति हो । यसले स्थानीय निकायलाई बालबालिकाको हकहितमा केन्द्रीत रहेर योजना तर्जुमा, स्रोतको विनियोजन, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनजस्ता कार्य गर्न सघाउँदछ ।

बालमैत्री स्थानीय शासन बालअधिकारसम्बन्धी समग्र पक्ष (बालबचाउ, बालसंरक्षण, बालविकास र बालसहभागिता) को प्रबर्द्धन गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीयतहमा सुशासन अभिबृद्धि गर्न ल्याइएको अवधारणा हो । बालअधिकारसम्बन्धी महासन्धि, १९८९ मा व्यवस्था भएका अधिकारका प्रावधानहरू, नेपालको अन्तरिम संविधान, २०६३ मा भएको बालअधिकारसम्बन्धी व्यवस्था, नेपालको चालू त्रि-वर्षीय अन्तरिम योजना, बालबालिकासम्बन्धी ऐन, २०४८ तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ ले बालबालिकाको पक्षमा नीतिगत एबम् कानुनी प्रावधान राखी बालअधिकारको समग्र पक्षमा वकालत गरेका छन् । स्थानीय सरकारको रूपमा रहेका -जि.वि.स., न.पा. तथा गा.वि.स. र समुदायका वयस्क बालबालिकाको नजिकमा रहेर सेवा प्रदान गर्ने निकाय हुन् । यसर्थ बालअधिकारको विषयलाई स्थानीय निकायको समग्र पद्वति र प्रणालीमा समावेश गर्दै कार्यान्वयनमा लैजान उपयुक्त देखिन्छ । बालमैत्री स्थानीय शासनको अवधारणालाई

स्थानीयस्तरसम्म संस्थागत गर्न कानुनी मार्गदर्शनको रूपमा विकास र प्रवर्द्धनमा सहयोग पुऱ्याउन बालमैत्री शासन राष्ट्रिय रणनीति खाका र बालमैत्री शासन कार्यान्वयन कार्यविधि, २०६७ नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०६८/३/२१ मा स्वीकृत भएको हो ।

### २.१.२ बालमैत्री स्थानीय स्वायत्त शासन अवधारणासम्बन्धी केही तथ्यहरू

- बालमैत्री स्थानीय शासन बालबालिकाको विकासका लागि विभिन्न क्षेत्रबाट भएका प्रयासलाई अझ प्रभावकारी बनाउन र शासकीय तहमा रहेका जिम्मेवार संस्था तथा पदाधिकारीहरूलाई बालबालिकाप्रति अझ बढी जिम्मेवार हुन सहयोग पुऱ्याउने एक अवधारणा हो ।बालअधिकारसम्बन्धी महासन्धि १९८९ को अनुमोदन, नेपालकोसंविधान २०७२ मा भएका बालअधिकारसम्बन्धी व्यवस्था र बालबालिकासम्बन्धी अन्य कानुनसमेतका आधारमा यो अवधारणाको सुरुआत गरिएको हो ।
- तीन वर्षीय अन्तरिम योजना (वि.सं. २०६४/०६५–०६६/०६७) ले बालमैत्री स्थानीय शासनको अवधारणालाई अंगीकार गरेको र स्थानीयस्तरमा योअवधारणालाई क्रमशःविस्तार गर्ने उल्लेख गरेको छ ।
- स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (LGCDP) ले स्थानीयस्तरमा बालमैत्री शासनको सूचक तयार गरी कार्यान्वयन गर्न स्थानीय निकायको क्षमता विकास गर्ने उल्लेख गरेको छ ।
- तीनवर्षे योजनाको भावना बमोजिम योअवधारणालाई स्थानीयस्तरमासम्म विस्तार गर्न बालबालिका र महिलाहरूका लागि विकेन्द्रित कार्यक्रम (DACAW) ले सहयोग पुऱ्याएको हो ।

स्रोतः स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय सहयोग शाखा श्रीमहल पुल्चोक, २०६७

## २.२ विद्यमान ऐन नियममा बालबालिकासम्बन्धी भएको व्यवस्था

- बालबालिकासम्बन्धी ऐन, २०४८
- बालबालिकासम्बन्धी नियमावली, २०५१
- बालश्रम निषेध र नियमित गर्ने ऐन, २०५६
- बालन्याय कार्यविधि नियमावली, २०६३
- धर्मपुत्र-धर्मपुत्री ग्रहण गर्न दिने शर्त तथा प्रक्रिया, २०६५
- बालगृहसञ्चालन तथा व्यवस्थापनका लागि न्यूनतम मापदण्ड, २०६०
- बालबालिकाका लागि दश वर्षे राष्ट्रिय कार्ययोजना तर्जुमा, सो कार्ययोजना नेपाल सरकारबाट मिति २०६१।८।३ मा स्वीकृत भै कार्यान्वयनको चरणमा ।
- बालअधिकार महासन्धिको १९८९, नेपालले १९९० मा अनुमोदन गरेको ।
- सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग बिरुद्ध बालअधिकार महासन्धिको ऐच्छिक आलेख २००० को नेपालले २००७ को फेब्रुअरी ८ तारिकमा अनुमोदन ।
- बालबालिकाको बेचबिखन, बेश्यावृत्ति र अश्लील चित्रण बिरुद्ध बालअधिकार महासन्धिको ऐच्छिक आलेख २००० को २००६ फेब्रुअरी २० मा अनुमोदन गरी प्रारम्भिक प्रतिवेदन २००८ को मंसिर १८ मन्त्री परिषद्बाट पास भई पठाईएको ।
- दक्षिण एसियामा बालकल्याण प्रबर्द्धन गर्ने सार्क महासन्धि २००२ ।

- बेश्यावृत्तिका लागि महिला तथा बालबालिकाको बेचबिखनको रोकथाम तथा मुकाविला सम्बन्धी सार्क महासन्धि, २००२ ।
- न्यूनतम उमेरसम्बन्धी महासन्धि (अन्तर्राष्ट्रिय श्रमसंगठन) १९७३ को सन्धि नं.१३८ ।
- निकृष्ट बालश्रम उन्मूलन महासन्धि १९९९ (अन्तर्राष्ट्रिय श्रमसंगठन) को सन्धि नं. १८२ ।

### २.२.१ संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संवैधानिक इतिहास हेर्दा सबै संविधानले बालबालिकाको अधिकारहरूलाई केही मात्रामा सम्बोधन गरेको पाइन्छ। नेपालको संविधान २०७२ ले बालबालिकाका केही अधिकारहरूलाई मौलिक हक अन्तर्गत राखी बालबालिकालाई संवैधानिक संरक्षण प्रदान गरेको छ जुन नेपालको संवैधानिक इतिहासको सकरात्मक पक्ष हो ।

### २.२.२ नेपालको संविधान २०७२ मा मौलिक हक अन्तर्गत समावेश भएको बालबालिको हक सम्बन्धी प्रावधान

नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हक सम्बन्धी गरिएको व्यवस्था

१. प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ ।
२. प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ ।
३. प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बालसहभागिताको हक हुनेछ ।
४. कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन ।
५. कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
६. कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
७. कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
८. प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ ।
९. असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ ।
१०. उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

## २.३ जिल्ला, नगर, गाउँ स्तरीय योजनामा बालबालिकासम्बन्धी भएको व्यवस्था

### २.३.१ जिल्ला बाल कल्याण समिति

नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत रहने गरी नेपालको ७५ बटै जिल्लामा जिल्ला बाल कल्याण समिति गठन गरिएको छ। मुलुकमा बालबालिकाको हक,

हितको संरक्षण गरी तिनीहरूको शारीरिक, मानसिक, वौद्धिक र संबेगात्मक विकास गर्न समयानुकुल कानुनी व्यवस्था गर्ने उद्देश्यले नेपाल सरकारले निमार्ण गरी लागु गरेको बालबालिकासम्बन्धी ऐन २०४८ को परिच्छेद-४ को कल्याणकारी व्यवस्थाअन्तर्गत दफा ३ को उपदफा २ बमोजिम जिल्ला स्तरमा बालबालिकासम्बन्धी काम गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको सम्पर्क निकायको रुपमा जिल्ला बाल कल्याण समितिको परिकल्पना गरिएको हो । यसरी सरकारले गरेको कानुनी व्यवस्था अनुरुप यस जिल्लामा पनि वि.सं. २०५३ सालमा जिल्ला बाल कल्याण समितिको गठन भई बाल अधिकार संरक्षणको विषयहरूमा केन्द्रीत रही जिल्लामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी निकायहरूसँग समन्बय र सहकार्य गर्दे आईरहेको छ । बालकल्याण समितिमा प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको ब्यक्ति अध्यक्ष रहने व्यवस्था गरिएको छ र बालकल्याण समितिको पदाबधि ४ वर्षको हुने व्यवस्था गरिएको छ ।

## २.३.२ जिल्ला बाल कल्याण समितिको गठन

जिल्ला बाल कल्याण समितिमा निम्न क्षेत्र तथा ब्यक्तिहरूको सहभागिता रहने गरी गठन गरिने व्यवस्था गरिएको छ ।

क) सामाजिक सेवामा कार्यरत ब्यक्तिहरू
ख) महिला सामाजिक कार्यकर्ता
ग) बालबालिकाको हक हितसम्बन्धी कार्यमा संलग्न सामाजिक कार्यकर्ता
घ) बाल मनोबैज्ञानिक
ङ) चिकित्सकहरू
च) शिक्षकहरू

बालबालिकासम्बन्धी नियमावली २०५१ को उपसमिति वा कार्यटोली गठन गर्न सक्ने व्यवस्था तपसिल बमोजिम रहेको छ :

नियम (१०)उपसमिति वा कार्यटोली गठन गर्न सक्ने -

१) जिल्ला बाल कल्याण समितिले आफुले गर्नुपर्ने कुनै काम सुचारु रुपले गर्नको निमित्त सम्बन्धित विशेषज्ञ तथा सामाजिक कार्यकर्ता समेत समावेश गरी आबश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।
२) उपनियम १ बमोजिम गठन हुने बालकल्याण समिति वा कार्यटोलीको काम कर्तब्य र अधिकार जिल्ला बाल कल्याण समितिले तोकिदिए बमोजिम हुनेछ ।

## २.३.३ जिल्ला बाल कल्याण समितिको मुख्य उद्धेश्यहरू

१. पिडित, असहाय, अनाथ, सडक/मजदुर तथा जोखिममा परेका बालबालिकाको शिक्षा, स्वास्थ्य र संरक्षण गर्ने ।
२. स्वास्थ्य, मानविय सहयोग तथा सचेतना अभियान कार्यक्रम संचालन गर्ने ।
३. बालबालिकासम्बन्धी काम गर्ने संस्था, निकायहरू बिच समन्बय गर्ने, आबश्यक कार्यक्रमको सिफारीश गर्ने र कार्यक्रमको दोहोरोपन हटाउन सम्बन्धित निकायहरूसँग समन्बय गर्ने ।
४. जिल्लामा बालबालिकासम्बन्धी सूचना तथा स्रोत केन्द्रको विकास गर्ने ।

### २.३.४ जिल्ला बाल संरक्षण तथा सम्बर्द्धन उपसमिति

बालबालिकाहरूको हक, अधिकारको संरक्षणार्थ जिल्ला बाल कल्याण समितिको भूमिका मात्रै प्रर्याप्त नहुने भएको हुदा उक्त समितिलाई सहयोग पुऱ्याउने गरी जिल्ला बाल कल्याण समिति अन्तर्गत नै रहने गरी बाल कल्याण अधिकारीको (महिला विकास अधिकृत) को संयोजकत्वमा ९ सदस्य रहेको जिल्ला बाल संरक्षण तथा संबर्द्धन उपसमिति गठन गर्न सकिने व्यवस्थाबाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका २०६५ को परिच्छेद - २ को ५ ले दिएको अधिकार प्रयोग गरी जिल्ला बाल संरक्षण तथा संबर्द्धन उपसमिति गठन गर्न सक्नेछ । बालकल्याण उपसमितिको गठन तपसिल बमोजिका गरिने व्यवस्था रहेको छ ।

१. संयोजक - जिल्ला बाल कल्याण अधिकारी
२. सदस्य - जिल्ला शिक्षा कार्यालयको अधिकृत स्तरकको प्रतिनिधि
३. सदस्य - जिल्ला विकास समितिको अधिकृत स्तरको प्रतिनिधि
४. सदस्य - जिल्ला जनस्वास्थ्य कार्यालयको अधिकृतस्तरको प्रतिनिधि
५. सदस्य - बाल न्याय समन्बय समितिको सदस्य सचिववा जिल्ला अदालतको अधिकृत स्तरको प्रतिनिधि
६. सदस्य - बालअधिकारकर्मी वा नागरिक समाजको प्रतिनिधि
७. सदस्य - पत्रकार महासंघ अन्तर्गतको जिल्ला प्रतिनिधि
८. सदस्य - बालक्लब संजालको प्रतिनिधि
९. सदस्य - सचिव - जिल्ला बाल कल्याण समितिको अधिकृत (बाल अधिकार अधिकृत)

### २.३.५ गाउँबाल संरक्षण तथा सम्बर्द्धन उपसमिति

बाल अधिकार संरक्षण तथा सम्बर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका २०६५ अनुसार नै गाउँपालिकामा बाल संरक्षण तथा सम्बर्द्धन उपसमिति गठन गर्न सक्ने प्रावधान रहेको छ। गाउँपालिका स्तरको उपसमितिको गठन तपसिल बमोजिका गरिने व्यवस्था रहेको छ ।

१. गाउँपालिकाको प्रतिनिधि..............................................सदस्य
२. शिक्षक..................................................................सदस्य
३. महिला स्वास्थ्य कार्यकर्ता ..........................................सदस्य
४. महिला कार्यकर्ता ....................................................सदस्य
५. बाल अधिकारकर्मी नागरिक समाजका प्रतिनिधि..................सदस्य
६. बाल क्लबका प्रतिनिधि................................................सदस्य
७. आदिवासी, जनजाति, अल्पसंख्यक, दलित तथा पिछडिएका बर्ग र समुदायको यथा सम्भव प्रतिनिधित्व हुने गरी ३ जना ..........सदस्य

उप समितिले आफु मध्येबाट उपसमितिको संयोजक र सदस्य सचिव चयन गर्नेछन्। विकासका साझेदार संस्था कार्यरत भएको गाउँपालिका भए सो संस्थाको प्रतिनिधि समितिमा स्थायी आमन्त्रित सदस्यको रुपमा सहभागि हुन सक्ने व्यवस्था रहेको छ ।

### २.३.६ जिल्ला बाल कल्याण समितिको भूमिका

#### १. समन्बयात्मक भूमिका

- जिल्लामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी तथा गैर सरकारी निकायहरू बिच समन्बयात्मक बैठक संचालन गर्ने ।
- बाल अधिकार संरक्षण र सम्बर्द्धन गर्न सरोकारबालाहरूसँग बैठक गर्ने ।
- बालक्लबहरू सुचिकृत गर्ने, आबद्धता गर्ने, न.पा./गा.वि.स. स्तरिय तथा जिल्ला बाल क्लब संजाल गठन तथा बाल क्लब भेलाको आयोजना गर्ने ।
- बालबालिकासम्बन्धी सूचना केन्द्र स्थापित गर्ने ।

#### २. अनुगमन

- बालगृह निरीक्षण, अनुगमन तथा मुल्याङ्कन गर्ने ।
- जिल्लामा बालबालिकासम्बन्धी भएका कामको अनुगमन, मुल्याङ्कन गर्ने र सुझाब दिने ।
- जिल्ला स्थित बालबालिकाको क्षेत्रमा काम गर्ने सेवा प्रदायक निकायहरूका कार्यहरूको अनुगमन गरी अवस्थाको पहिचान गरी सुझाब दिने ।

#### ३. सचेतना अभियान

- बालअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिबसहरूमा संयोजकत्बको भूमिका निर्वाह गर्ने ।
- बालअधिकार बारे विभिन्न कार्यक्रमहरू संचालन गर्ने ।
- जिल्ला स्तरिय बालक्लब संजाल/बाल भेला आयोजना गर्ने ।
- बालक्लब र बालसमूहलाई बालअधिकारसम्बन्धी सचेतना अभियान गराउने ।
- बालअधिकार सुनिश्चित गर्न बालमैत्रीगा.वि.स., न.पा., जिल्ला घोषणा अभियान गर्ने ।
- विभिन्न सचेतनामुलक कार्यक्मंहरू सरोकारबालाहरूसगँ मिलेर सचांलन गर्ने ।
- भय मुक्त शिक्षण सिकाई वारे बाल क्लब, बाल क्लब संजाल, गाँउ/नगर बाल संरक्षण समिति, अभिभाबक, शिक्षकहरूसँग छलफल, अर्न्तरक्रिया, अभिमुखिकरण, एफ्.एम्. तथा पत्रपत्रिका मार्फत सुचना प्रकाशन/प्रसारण, पम्पलेट, पोष्टर तथा होर्डिङवोर्ड मार्फत् सचेतना जागरण गराउने ।

#### ४. अभिलेखन र प्रकाशन

- जिल्लामा बालबालिकाको क्षेत्रमा काम गर्ने विभिन्न गैरसरकारी संस्थाहरूको अभिलेख राख्ने ।
- बाल गृह तथा बालक्लबहरूको तथ्याङ्क अद्यावधिक गर्ने ।
- विभिन्न कारणबाट प्रभाबित बनेका बालबालिकाको तथ्याङ्क संकलन तथा अद्यावधिक गर्ने घटना विवरण राख्ने ।
- बालक्लब सुचिकृत गर्ने तथा आबद्धता प्रमाण पत्र वितरण गर्ने ।

- जोखिममा पर्न सक्ने बालबालिकाको तथ्याङ्क राख्ने ।
- बालबालिकाको जिल्ला स्थिति प्रतिवेदन प्रकाशन गर्ने ।

**५. मानवीय सहयोग तथा अन्य कार्यक्रम**

- जोखिममा परेका तथा पर्न सक्ने बालबालिकाहरूलाई आकस्मिक सहयोग तथा सम्बन्धित स्थानमा सिफारिस गर्ने ।
- असहाय बालबालिकाको उपचारका लागि सहयोग तथा सम्बन्धित निकायमा सिफारिस गर्ने ।
- अनाथ एवं टुहुरा बालबालिकाहरूलाई पुर्नस्थापनाका लागि आबश्यक पहल गर्ने ।
- अनाथ, असहाय बालबालिकालाई शिक्षा, स्वास्थ्य सहयोग गर्ने ।
- द्वन्द्वपिडित तथा अन्य कारणबाट प्रभाबित बालबालिकालाई शिक्षा, स्वास्थ्य लगायत अन्य सहयोग गर्ने ।

**६. बाल संरक्षण**

- बेवारिसे अवस्थामा भेटिएका बालबालिकाहरूको पुर्नस्थापनाको व्यवस्था मिलाउने ।
- अभिभावक पत्ता लाग्न नसकेका बालबालिकाहरूलाई समुदायमा नै संरक्षक तोकि तत्काल संरक्षण गर्ने र संरक्षण तोक्न नसकिएको अवस्थामा विभिन्नबालगृहहरूमा संरक्षणका लागि सिफारिस गर्ने ।
- कानुनी बिवादका परेका बालबालिका संरक्षणका लागि आवश्यक समन्बय र सहकार्य गर्ने ।
- विभिन्न किसिमका जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाहरूलाई शोषण, दुर्व्यबहार, उपेक्षा, हेलचक्र्याई, बिभेद तथा सम्भाबित क्षतिबाट जोगाउनको लागि आबश्यक पहल गर्ने ।

## २.४ बाल समूह वा बाल क्लबहरु

बालअधिकारसम्बन्धी महासन्धि, १९८९ ले बालसहभागिताको सिद्धान्त र बालबालिकाको संगठन तथा शान्तिपूर्ण भेला हुन पाउने अधिकारका रूपमा व्यवस्था गरे बमोजिम जिल्लाका गाउँ, टोल तथा बिद्यालयमा बालबालिकाको सहभागिता, नेत्तृत्व तथा सक्रियता र अभिभावकको संरक्षकत्वमा बाल क्लब गठन भएका छन् । बाल क्लब गठनका लागि विभिन्न सरकारी तथा गैरसरकारी संस्थाहरूले सहजीकरण गरिरहेका छन् । जिल्लामा बाल क्लब, बालसमूह, बाल क्लब संजाल तथा बालमञ्च आदि नामले बालबालिकाहरू स्वंयले नेत्तृत्व गरेका संस्था हुन् । हाल गाउँपालिकामा बाल क्लबमा बालबालिका संगठित हुने र आफ्नो विचार र भावना व्यक्त गर्ने र समाजमा बालअधिकारसम्बन्धी पैरवी गर्ने माध्यम बनाउन थालेका छन् । गाउँपालिकामा ३६ वटा बाल क्लब र पालिकास्तरीय बालसञ्जाल गठन भई क्रियाशिल रहदै आएको छ । गाउँपालिकामा बालअधिकार तथा विकासका कार्यक्रम सञ्चालन भइरहेका छन् । वडा नं. ७, गणेशपुर मिति

२०७६ श्रावण २६ गते बालविवाहमुक्त वडा घोषणा भइसकेको छ भने अन्य वडामा पनि घोषणा तयारीको क्रममा रहेका छन् ।

## तालिका नं. २ बाल क्लबको विवरण

| सि.नं. | बाल क्लबको नाम | ठेगाना | अध्यक्षको नाम |
|---|---|---|---|
| १ | शिव बाल क्लब | विजयनगर ५, डालपुर | जमुना बि.क |
| २ | बघमरवा बाल क्लब | विजयनगर ५, बघमरवा | सत्यनारायण कोरी |
| ३ | क्षितिज बाल क्लब | विजयनगर ६, बद्धौर | धिरज तिमिल्सिना |
| ४ | लालीगुरास बाल क्लब | विजयनगर ६, प्रेमनगर | पवन श्रेष्ठ |
| ५ | गौतम बुद्ध बाल क्लब | विजयनगर ६, खुरूहुरिया | सुनिल कुमार यादव |
| ६ | ज्योती पुञ्ज बाल क्लब | विजयनगर ६, थान खजहनी | किरण पासी |
| ७ | शिव प्रा.वि बाल क्लब | विजयनगर ५, डालपुर | संगीता पासी |
| ८ | अहिले सुन्नत फैजाने बाल क्लब | विजयनगर ५, जोगिनिया | सुनिल चौधरी |
| ९ | लालीगुरंस बाल क्लब | विजयनगर ३, पत्थरदेइया | राज श्री भुज |
| १० | जानकी बाल क्लब | विजयनगर ३, जगदिशपुर | मो. असरफ सिद्धिकि |
| ११ | संगम बाल क्लब | विजयनगर १, थरौली | डुमिसरा राना |
| १२ | ज्ञान ज्योती बाल क्लब | विजयनगर ४, देउपुरा | अशोक यादव |
| १३ | सागर बाल क्लब | विजयनगर ३, कढियार | प्रीति कुमारी चौधरी |
| १४ | बुद्ध शान्ति बाल क्लब | विजयनगर ६, खुरूहुरिया | उसा चाई |
| १५ | सगरमाथा बाल क्लब | विजयनगर ४, महिलवार | विजयप्रकाश यादव |
| १६ | विकाससिल बाल क्लब | विजयनगर ४, बरदहवा | नुर आलम |
| १७ | मनकामना बाल क्लब | विजयनगर ३, महादेइया | राम कुमार चौधरी |
| १८ | मदरसा अहिले सुन्नत फैजाने गौसिया | विजयनगर ५, बनगाई | उर्मिला पासी |
| १९ | सुरक्षित बाल क्लब | विजयनगर १, नेवलागंज | शुरेश भर |
| २० | सरस्वती बाल क्लब | विजयनगर २, बगैया | रामी तेली |
| २१ | फुलबारी बाल क्लब | विजयनगर २, महुवादुधार | निशार अहमद शा |
| २२ | सुर्यप्रकाश बाल क्लब | विजयनगर २, लोहरौला | इशारा थारू |
| २३ | सगरमाथा बाल क्लब | विजयनगर १, गुगौली | सतिश पाल |
| २४ | साध्य बाल क्लब | विजयनगर २, मधुवानगर | सन्ध्या थापा |

| | | | |
|---|---|---|---|
| २५ | लालीगुरांस बाल क्लब | विजयनगर २, पडरिया | लक्ष्मी सुनार |
| २६ | ज्ञान ज्योती बाल क्लब | विजयनगर २, महुवादुधार | सीता चापागांई |
| २७ | जनशक्ति बाल क्लब | विजयनगर ७, गणेशपुर | कमलश कुर्मी |
| २८ | गौतम बुद्ध बाल क्लब | विजयनगर ७, गणेशपुर | अरूण चौधरी |
| २९ | स्टार बाल क्लब | विजयनगर ७, गणेशपुर | सुरेन्द्र गिरी |
| ३० | आनन्द बाल क्लब | विजयनगर ७, गणेशपुर | महेन्द्र चौधरी |
| ३१ | आर्दश बाल क्लब | विजयनगर ७, गणेशपुर | राकेश नाउ |
| ३२ | चेतना बाल क्लब | विजयनगर ७, लालपुर | आशिष कुमार चौधरी |
| ३३ | जनचेतना बाल क्लब | विजयनगर ७, मानपुर | आशिष चौधरी |
| ३४ | गणेश शक्ति बाल क्लब | विजयनगर ७, गणेशपुर | कमलेश कुर्मी |
| ३५ | उज्जल बाल क्लब | विजयनगर ७, गणेशपुर | रमेश चौधरी |
| ३६ | संगम बाल क्लब | विजयनगर ३, पत्थरदेइया | सुनिल प्रसाद गुप्ता |

स्रोत : विजयनगर गाउँपालिका, महिला तथा बालवालिका शाखा, २०७६

## तालिका नं. ३ बाल सञ्जालका पदाधिकारी

| क्र.सं. | नाम थर | पद | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | सीता चापागाई | अध्यक्ष | विजयनगर | ९८१६४१६८१६ |
| २. | सत्यनारायण पूरी | उपाध्यक्ष | विजयनगर | ९८११९१७४३६ |
| ३. | इमरान शाह | सचिव | विजयनगर | ९८००७२७१०९ |
| ४. | प्रमिला जैसवाल | सहसचिव | विजयनगर | ९८११४००८९५ |
| ५. | पवन श्रेष्ठ | कोषाध्यक्ष | विजयनगर | ९८१८१९०९८१ |
| ६. | निसार अहमद शाह | सदस्य | विजयनगर | – |
| ७. | नितेश वानिया | सदस्य | विजयनगर | ९८२१४८०१२७ |
| ८. | सोनिया थापा | सदस्य | विजयनगर | – |
| ९. | क्षितिज काफ्ले | सदस्य | विजयनगर | ९८११४४२८३१ |
| १०. | करिष्मा बस्नेत | सदस्य | विजयनगर | – |
| ११. | विद्या कूमारी गंडेल | सदस्य | विजयनगर | – |

| | | | | |
|---|---|---|---|---|
| १२. | प्रेमा कूमारी भूज | सदस्य | विजयनगर | – |

स्रोत : विजयनगर गाउँपालिका, महिला तथा बालवालिका शाखा, २०७६

### २.४.१ बालबालिकाहरूको विभिन्न निकायमा प्रतिनिधित्वसम्बन्धी विवरण

| सि.नं. | संस्था वा निकाय | प्रतिनिधित्व गर्ने बाल क्लबको सङ्ख्या | प्रतिनिधित्व गर्ने बालबालिकाको सङ्ख्या |
|---|---|---|---|
| १ | गाउँपालिका बाल संरक्षण समिति | १ | २ |

### २.४.२ सूचना तथा सञ्चारमा बालबालिकाको पहुँच

बालअधिकारमहासन्धि, १९८९ ले व्यबस्थित गरेको बालबालिकाको जानकारी पाउने हकसम्बन्धी व्यवस्था अनुसार यस जिल्लाका सञ्चार माध्यमहरूले बालबालिकालाई लक्षित गरेर विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छन् ।विभिन्न छापा तथा विद्युतिय सञ्चार माध्यमहरूले बालबालिकालाई प्रत्यक्ष सहभागि गराई वाबयस्कद्वारा सञ्चालन गरिएका बालबालिकासम्बन्धी कार्यक्रमहरूको माध्यमबाट बालबालिकालाई सूचना, जानकारी तथा मनोरञ्जन प्राप्त गरिरहेका छन् भने जिल्लाबाट प्रकाशन हुने अधिकांश पत्रपत्रिकाहरूमा बालबालिकासम्बन्धी स्तम्भ राखी विभिन्न सूचना, जानकारी तथा मनोरञ्जन प्रदान गर्ने कार्य भैरहेको छ । यसको साथै विभिन्नबालक्लबमा आबद्ध बालबालिकाले प्रत्यक्ष रुपमा सहभागि भई प्रकाशन गर्ने बाल भित्ते पत्रिकाले पनि बालबालिकाको सूचना तथा जानकारी प्राप्त गर्न पाउने अधिकारको सुनिश्चित गर्ने प्रयास भैरहेको छ ।

## २.५ बालमैत्री गाउँपालिकाको अवधारणा

शान्त र सम्पन्न समाज मार्फत समृद्ध नेपाल निर्माणको लागि समाजका सबै पक्षको अर्थपूर्ण सहभागिताले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। सकरात्मक परिवर्तित समाजबाट प्राप्त प्रतिफलको उपभोगमा समानुपातिक अवसर प्राप्त गर्नु सामुहिक दायित्व हुन्छ । मुलुकको अहिलेको अवस्था हेर्ने हो भने कूल जनसंख्याको करिबआधा हिस्सा ओगट्ने बालबालिकाहरूको अवस्था विगतका दशकहरूको तुलनामा क्रमिक रुपमा सकारात्मक परिवर्तन हुँदै आएको त देखिन्छ तर बालअधिकारको अवस्था अझैसम्म पनि सुनिश्चित हुन सकेको छैन ।

समाजवा देश विकासको लागि बालबालिकाहरूको अर्थपूर्ण सहभागिता अपरिहार्य हुन्छ । उनीहरूकै प्रत्यक्ष सहभागिताले स्वस्थ्य, समृद्ध र सक्षम बालबालिकाहरूले सुन्दर समाजको निर्माणमा योगदान दिन सक्दछन् । यसका लागि बालबालिकाहरूको सम्पूर्ण अधिकारलाई सुनिश्चित गर्दै उनीहरूको चौतर्फी विकासको लागि परिवार, समुदाय, राज्य स्तरीय सोचाई र हेराईप्रति परिवर्तन गर्न सुदृढ कार्यक्रम अनिवार्य हुन्छ। यहि मान्यताहरूलाई आत्मसात गर्दै बाल-मैत्री गाउँपालिकाको अवधारणाको शुरुआत गरिएको हो। बाल-मैत्री गाउँपालिका स्थापनाका लागि सरकार तथा बालबालिकाहरूका अधिकारका लागि कार्यरत संस्थाहरू लामो समयदेखि प्रयासरत छन् । केन्द्रीय बाल-कल्याण समिति र जिल्ला स्तरीय बाल-कल्याण समिति तिनै प्रयासका महत्वपूर्ण

आधार स्तम्भ हुन् । केन्द्रीय बाल-कल्याण समितिको नेतृत्वमा विभिन्न जिल्लामा बाल-मैत्री समाज निर्माण गर्ने कार्यका लागि महत्वपूर्ण कदम चालिएका छन् । सरकारको उक्त प्रयासमा नैतिक, भौतिक तथा वैचारिक सहयोग पुऱ्याउने कार्यमा विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरू एकबद्ध भएर लागेका छन् ।

### २.६ बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र

बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने सर्न्दभमा स्थानीयस्तरमा क्रियाशिल स्थानीय निकायहरू, विषयगत कार्यालयहरू, स्थानीय गैरसरकारी संस्थाहरू, सामाजिक विकास र परिचालनसगँ सम्बन्धित संघसंस्थाहरू र सेवा प्रवाहसगँ सम्बन्धित नेपाल सरकारका मन्त्रालय एवं विभागहरूलाई समेत यो शासन उपयोगी र सहयोगी हुनेछ । त्यसैगरी यो शासन केन्द्रस्तरमा कार्यरत अन्य सरोकारबाला संघसंस्थाहरू जस्तैः राष्ट्रिय योजना आयोग र नेपालका बाह्य सहयोग साझेदारहरूका लागि समेत बालमैत्री स्थानीय शासनको कार्यक्षेत्र रहेको छ ।

### २.७ बालमैत्री स्थानीय शासन संचालनको संस्थागत व्यवस्था

#### बालमैत्री स्थानीय शासन राष्ट्रिय समितिः

बालमैत्री स्थानीय शासनलाई एकीकृत र समन्वयात्मक ढंगबाट राष्ट्रिय एवं स्थानीयस्तरमा प्रवर्द्धन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको "बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति" गठन हुनेछ :

(१) सचिव, सघींय मामिला तथा स्थानीय विकास मन्त्रालय – अध्यक्ष

(२) सह सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय – सदस्य

(३) सह सचिव, अर्थ मन्त्रालय – सदस्य

(४) सह सचिव, स्वायत्त शासन समन्वय महाशाखा, स्थानीय विकास मन्त्रालय – सदस्य

(५) सह सचिव, गृह मन्त्रालय – सदस्य

(६) सह सचिव, शिक्षा मन्त्रालय – सदस्य

(७) सह सचिव, महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय – सदस्य

(८) सह सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय – सदस्य

(९) सह सचिव, श्रम तथा यातायात व्यवस्था मन्त्रालय – सदस्य

(१०) कार्यकारी निर्देशक, केन्द्रीय बाल कल्याण समिति – सदस्य

(११) प्रहरी नायव महानिरीक्षक, प्रहरी प्रधान कार्यालय, महिला तथा बालबालिका निर्देशनालय – सदस्य

(१२) सभापति, जिल्ला विकास समिति महासंघ, नेपाल – सदस्य

(१३) अध्यक्ष, नेपाल नगरपालिका संघ – सदस्य

(१४) अध्यक्ष, गाउँपालिका राष्ट्रिय महासंघ, नेपाल – सदस्य

(१५) प्रतिनिधि, युनिसेफ नेपाल – सदस्य

(१६) गैर सरकारी संस्था राष्ट्रिय महासंघ, नेपालका प्रमुख वा प्रतिनिधि – सदस्य

(१७) उप सचिव, स्थानीय विकास मन्त्रालय, स्थानीय निकाय सहयोग शाखा –सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**बालमैत्री स्थानीय शासन जिल्ला समितिः**

बालमैत्री स्थानीय शासनलाई जिल्लास्तरमा एकीकृत र समन्वयात्मक ढंगबाट प्रवर्द्धन गर्ने प्रयोजनका लागि जिल्लास्तरमा देहाय बमोजिमको बालमैत्री स्थानीय शासन जिल्ला समिति गठन हुनेछ :

(१) सभापति, जिल्ला विकास समिति -अध्यक्ष

(२) उप सभापति, जिल्ला विकास समिति -उपाध्यक्ष

(३) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(४) जिल्ला शिक्षा अधिकारी -सदस्य

(५) प्रमुख, जिल्ला (जन) स्वास्थ्य कार्यालय -सदस्य

(६) महिला विकास अधिकृत -सदस्य

(७) अधिकृत प्रतिनिधि, महिला तथा वातावरण ईकाई, जिल्ला प्रहरी कार्यालय -सदस्य

(८) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदारबाट जिल्ला विकास समितिले मनोनयन गरेको प्रतिनिधि १ जना -सदस्य

(९) गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरू मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना -सदस्य

(१०) बालमैत्री स्थानीय शासनका लागि छानिएका गाउँपालिकाका अध्यक्ष तथा गाउँपालिकाका प्रमुखहरूमध्ये जिल्ला विकास समितिले तोकेको प्रतिनिधि २ जना -सदस्य

(११) प्रतिनिधि, जिल्ला बाल कल्याण समिति -सदस्य

(१२) प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ -सदस्य

(१३) प्रतिनिधि, गाउँपालिका महासंघ -सदस्य

(१४) प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका), जिल्ला बाल संजाल -सदस्य

(१५) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये जिल्ला विकास समितिले तोकेको प्रतिनिधिज्ञ (१ जना) – सदस्य

(१६) बालमैत्री शासन फोकल पर्सन, जिल्ला विकास समितिको कार्यालय -सदस्य

(१७) स्थानीय विकास अधिकारी, जिल्ला विकास समितिको कार्यालय -सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

नोट :- यसरी सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

स्थानीय विकास अधिकारीले जिविस सभापतिको समेत काम गरेको अवस्थामा निजले जिविस का कुनै उपयुक्त अधिकृतलाई सदस्य सचिव तोक्नेछन् ।

**बालमैत्री स्थानीय शासन गाउँपालिका समिति**ः

गाउँपालिकास्तरमा बालमैत्री स्थानीय शासन संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन गाउँ समिति रहनेछ :

(१) अध्यक्ष, गाउँपालिका -अध्यक्ष

(२) उपाध्यक्ष, गाउँपालिका -उपाध्यक्ष

(३) गाउँपालिकाले मनोनयन गरेको स्वास्थ्य संस्थाका प्रमुख वा प्रतिनिधि (१ जना) - सदस्य

(४) शिक्षा कार्यालयका प्रमुख वा प्रतिनिधि (१ जना) - सदस्य

(५) महिला विकास कार्यालयका प्रमुख वा प्रतिनिधि (१ जना) -सदस्य

(६) गैसस महासंघ जिल्ला शाखाको प्रतिनिधि (महिला र बालबालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संघसंस्थाहरू मध्येबाट महासंघले मनोनयन गरेको प्रतिनिधि) १ जना - सदस्य

(७) स्थानीय विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(८) गाउँपालिकामा कार्यरत महिला शिक्षिका वा महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट गाउँपालिकाले मनोनयन गरेको प्रतिनिधि (१ जना) -सदस्य

(९) गाउँपालिकास्तरीय बाल संजालका प्रतिनिधि २ जना (कम्तिमा १ जना बालिका समेत) - सदस्य

(१०)महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये गाउँपालिकाले तोकेको महिला प्रतिनिधिघ, (१ जना) – सदस्य

(११) गाउँपालिकाका बालमैत्री स्थानीय शासन हेर्ने अधिकृत -सदस्य

(१२) प्रमुख प्रशासकीय अधिकृत, गाउँपालिका -सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

यसरी महिला सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

प्रमुख प्रशासकीय अधिकृतले गाउँपालिकाको प्रमुखको समेत काम गरेको अवस्थामा निजले गाउँपालिकाका कुनै उपयुक्त अधिकृतलाई सदस्य सचिव तोक्नेछन् ।

**बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति**ः

बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा संचालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति रहनेछ :

(१) सामुदायिक संस्था वा समूहका अध्यक्षहरूमध्ये गाउँपालिकाले तोकेको प्रतिनिधि -अध्यक्ष

(२) स्थानीय विद्यालयका प्रधानाध्यापकहरूमध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेको १ जना प्रतिनिधि -सदस्य

(३) समुदायमा रहेका बाल समूहमध्ये सामुदायिक संस्था वा समूहले छनौट गरेका १ जना बालिका सहित २ जना बाल प्रतिनिधि -सदस्य

(४) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूह मध्ये गाउँपालिकाले तोकेको महिला प्रतिनिधि, (१ जना) -सदस्य

(५) सामुदायिक संस्था वा समूहका सचिव वा मेनेजरहरू मध्येबाट उनीहरूले छानेको प्रतिनिधि (१ जना) -सदस्य

(६) गाउँपालिकाको वार्ड सचिव वा निजले तोकेको कर्मचारी - सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

यसरी महिला सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

यसरी प्रतिनिधि छनौट गर्दा केन्द्रीय बाल कल्याण समिति अन्तर्गतको समिति भएको अवस्थामा उक्त कमिटिबाट सदस्य छनौट गर्नुपर्नेछ

कार्यकारी अधिकृतलेनगर अध्यक्षको समेत काम गरेको अवस्थामा निजले गाउँपालिकाका कुनै उपयुक्त कर्मचारीलाई सदस्य सचिव तोक्नेछन् ।

यसरी महिला सदस्य छनौट गर्दा प्यारालिगल समिति वा यस्तै प्रकृतिका अन्य समूह भएको अवस्थामा उक्त समूहबाट सदस्य छनौट गर्नुपर्नेछ ।

उपरोक्त समितिहरूले आ-आफ्नो क्षेत्रका सम्बन्धित केन्द्रीय एवं स्थानीय निकायहरू, गैसस एवं निजी क्षेत्रका संघसंस्थासँग समन्वय गरी बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास र विस्तार गर्न सघाउ पुऱ्याउनु पर्दछ ।

## २.८ बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरू

बालमैत्री स्थानीय शासनका तहगत खुड्किलाहरू देहायबमोजिम हुनेछन्:

१. बालमैत्री स्थानीय शासनको अवधारणाको अभिमुखीकरण, विकास तथा विस्तार ।
२. बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि गाउँपालिका समितिको गठन ।
३. बालमैत्री नीति, रणनीति तयारीको लागि कार्ययोजना तर्जुमा ।
४. गाउँपालिकामा बालमैत्री स्थानीय शासन सम्पर्क इकाई वा शाखाको संस्थागत प्रवन्ध ।
५. निश्चित सूचक/मापदण्डका आधारमा गाउँपालिकाको वडा छनौट ।
६. बालबालिकाको वस्तुगत विवरण तयारी ।
७. बालकोष (Child Fund) को स्थापना ।
८. बाल क्लब तथा सामुदायिक संस्थाहरूको गठन, विकास र परिचालन ।
९. सरोकारवालाहरूको पहिचान, समन्वय र संजाल निर्माण ।

१०. सरोकारबालाहरूबाट बालमैत्री स्थानीय शासन संचालनको प्रतिबद्धता घोषणा ।
११. आवधिक र वार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन ।
१२. बालबालिकाको स्थितिपत्र (Status Paper) तर्जुमा र सार्वजनिकीकरण ।
१३. अनुगमन, समीक्षा र मूल्याङ्कन ।
१४. स्थानीय निकायको परिषदबाट आफ्नो कुल पूंजीगत बजेटको कम्तिमा १५ प्रतिशत रकम बालबालिकाको क्षेत्रमा खर्च गर्ने प्रतिवद्धता सहितको परिषदको निर्णय ।
१५. बालमैत्री स्थानीय शासनको न्यूनतम सेवा सूचकको निर्धारण ।
१६. बालमैत्री गाउँपालिका घोषणा र यसको निरन्तरता ।

## २.९ बाल अधिकार (बाल बचाउ, बाल संरक्षण, बालविकास, बाल सहभागिता)

### २.९.१ सेवा प्रवाहसम्बन्धी सूचकहरू

**क) बाल बचाउ**

१. ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका (आमाको दूध मात्रै खुवाउने) हुनेछन्,
२. १ वर्षभित्रका प्रत्येक बालबालिकाले पूर्ण रुपमा खोप (डिपिटी, हेपटाइटिस बि, हिब ३) पाएका हुनेछन्,
३. १ देखि ५ वर्ष सम्मका बालबालिकाहरूले वर्षको २ पटक भिटामिन ए क्याप्सुल खाएका हुनेछन्,
४. गर्भवती आमाले दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराएका हुनेछन्,
५. गर्भवती महिलाहरूले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन्,
६. गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन्,
७. गर्भवती तथा सुत्केरी आमाहरूले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन् ।
८. एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरूले ARV Prophylaxis पाएका हुनेछन् ।
९. सबै घरधुरीमा पिउनयोग्य खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ ।
१०. चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ ।

**ख) बाल संरक्षण**

१. ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ,
२. बाल विवाहको संख्यामा कमी आएको हुनेछ,
३. निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनेछ,
४. घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याईएको हुनेछ,
५. बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याईएको हुनेछ ।

**ग) बालविकास**

१. ४ वर्ष सम्मका बालबालिकाहरू प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनेछन्,

२. कक्षा १ को लागि बिद्यालय जाने उमेर समूहका शत्प्रतिशत बालबालिकाहरू विद्यालय भर्ना भएका हुनेछन्,
३. ५ देखी १२ वर्ष उमेर समूहका सबै बालबालिकाले आधारभुत शिक्षा (कक्षा १ देखी कक्षा ८ सम्म) पाएको हुनुपर्दछ ।
४. औपचारिक शिक्षाबाट बञ्चित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था गर्नुपर्दछ ।
५. प्रत्येक बिद्यालयमा पर्याप्त मात्रामा छात्रछात्राको लागि अलगअलग शौचालयको व्यवस्था गर्नुपर्दछ ।
६. प्रत्येक बिद्यालयले नियमित रुपमा (साप्ताहिक वा मासिक) अतिरिक्त क्रियाकलाप सम्बन्धी कार्यक्रम संचालन गर्नु पर्दछ ।

**घ) बाल सहभागिता**

१. स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरूको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराईएको हुनेछ,
२. स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको योजना तथा कार्यक्रम समेटिएको हुनेछ,
३. विद्यालय व्यवस्थापन समितिमा संस्थागत तबरबाटबालबालिकाको आवाज सुनिने व्यवस्था सुनिश्चित भएको हुनेछ,
४. स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लबको प्रतिनिधित्व हुनेछ,
५. गाउँपालिकाको प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनेछ,
६. गाउँपालिका तहमा बाल संजाल गठन भएको हुनेछ ।

## २.९.२ संस्थागत विकाससम्बन्धी सूचकहरू

१. स्थानीय तहको परिषद् नियमित रुपमा संचालन भएको हुनेछ,
२. स्थानीय निकायहरूले आफ्नो लागि बालमैत्रीव्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरू तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन्,
३. स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रबर्द्धन समिति गठन भएको हुनेछ,
४. स्थानीय बिद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन्,
५. स्थानीय स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्,
६. स्थानीयस्तरमा बालविकास केन्द्र, बाल कक्षा तथा पूर्ब प्राथमिक कक्षाहरू संचालन भएका हुनेछन्,
७. स्थानीयस्तरमा बाल क्लबहरूको सक्रियता रहनेछ,
८. स्थानीयस्तरमा प्यारालिगल समिति जस्ता महिला समूहहरूको सक्रियता रहनेछ र यस्ता समितिहरूबाल अधिकार संरक्षण र सम्बर्द्धनमा क्रियाशील रहनेछन्,
९. स्थानीय स्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्ला स्तरसम्म उनीहरूको प्रतिनिधित्व रहनेछ,
१०. बालबालिकाका लागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ,
११. गाँउ विकास योजनामा बालबालिकाकासँगसम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ,

१२. बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ ।

## २.१० बालमैत्री स्थानीय शासन कार्यक्रमका साझेदार तथा सहयोगी संस्था

### २.१०.१ केन्द्रीय स्तरका साझेदारहरू

बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्ने प्रक्रियामा देहायकका केन्द्रीय स्तरका साझेदार तथा सहयोगी संस्थाहरू रहनेछन्:

**(क) राष्ट्रिय योजना आयोग**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तथा रणनीति बारे समन्वय गर्ने,
२. सबै सरकारी एवम् गैर सरकारी क्षेत्रमा बालमैत्री स्थानीय शासन पद्धतिलाई मूलप्रवाहीकरण गर्न नीतिगत निर्देशन दिने एवं साझेदारी स्थापना गर्ने गराउने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन तथा आवधिक योजना तर्जुमामा सहयोग र समन्वय गर्ने,
४. बालमैत्री योजना र कार्यक्रमलाई सरकारको नीति र कार्यक्रमको प्रमुख प्राथमिकतामा राखी अर्घाखाँचीको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक समन्वय र सामन्जस्य गर्ने,
५. बाल अधिकार सम्बन्धी सूचकहरूलाई गरिबी अनुगमन तथा विश्लेषण व्यवस्था र जिल्ला गरिबी अनुगमन तथाविश्लेषण प्रणालीसँग आबद्ध गरी अनुगमन प्रणाली स्थापित गर्ने,
६. बालमैत्री स्थानीय शासनसम्बन्धी कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने ।

**(ख) अर्थ मन्त्रालय**

१. बालमैत्री स्थानीय शासन पद्धतिको संस्थागत विकास एवं प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था गर्ने,
२. बालमैत्री स्थानीय शासन संचालनका लागि आवश्यक बाह्य स्रोत जुटाउन सहयोग र समन्वय गर्ने,
३. नेपाल सरकारको कार्यक्रम तथा बजेट प्रणालीलाई बालमैत्रीवनाउने,
४. बालमैत्री स्थानीय शासन संचालन गर्न स्थानीय निकायलाई सहजीकरण गर्ने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने ।

**(ग) संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रुपमा कार्य गर्ने,
२. स्थानीय स्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,
३. बालमैत्री स्थानीय शासन संचालनका लागि आवश्यक आन्तरिक तथा बाह्य स्रोत जुटाउन स्थानीय निकायहरूको सम्पर्क मन्त्रालयको रुपमा कार्य गर्ने,
४. स्थानीय निकायको वार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गर्न प्रोत्साहित गर्ने,
५. स्थानीय स्तरको योजना प्रक्रियामा बालबालिकाका सबालहरूलाई समावेश गराउने र अनुगमन सूचकलाई बालमैत्री गराउने,

६. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने,
७. बालमैत्री स्थानीय शासन सम्बन्धमा आवश्यक तालिम तथा गोष्ठी संचालन गर्ने गराउने,
८. आवश्यकता अनुसारसम्बन्धित स्थानीय निकायलाईसहजीकरण र पृष्ठपोषण उपलब्ध गराउने ।

**(घ) महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय**

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्बद्धनका लागि स्थानीय विकास मन्त्रालयलाई सहयोग गर्ने,
२. बालबालिकाको विकासको लागि स्रोतको पहिचान र परिचालन गर्ने,
३. बाल अधिकार महासन्धि लगायत अन्य सन्धि सम्झौताहरूको स्थानीय स्तरमा कार्यान्वयन गर्न गराउन सहयोग गर्ने,
४. बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने,
५. बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धन तथा प्रोत्साहनका लागि मातहतका निकायहरूको बजेट तथा कार्यक्रम बालमैत्री भए नभएको लेखाजोखा गर्ने,
६. बाल अधिकार सम्बन्धी परामर्श सुझाव दिने,
७. बालमैत्री स्थानीय शासन सम्बन्धी महिला र बालबालिकाको क्षेत्रमा भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

**(ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**

१. स्वास्थ्य तथा जनसंख्या सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूलाई बालमैत्रीबनाउने,
२. गर्भवती महिला एवं बालबालिकाको स्वास्थ्य सम्बन्धीसेवालाई बालमैत्री गराउने,
३. बालबालिकाको आधारभूत स्वास्थ्य प्रबर्द्धनको लागि संचालन गरिने योजना तथा कार्यक्रमलाई बालमैत्रीवनाउने,
४. बालमैत्री स्थानीय शासन पद्धतिको क्षेत्रमा आवश्यक स्रोत विनियोजन र परिचालन गर्ने,
५. बाल अधिकार महासन्धिमा भएका स्वास्थ्य सम्बन्धीविषयहरूको कार्यान्वयन गर्ने गराउने,
६. बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने,
७. बालमैत्री स्थानीय शासन सम्बन्धी स्वास्थ्य तथा जनसंख्याको क्षेत्रमा भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने ।

**(च) शिक्षा मन्त्रालय**

१. बालबालिकाको शैक्षिक विकासका लागि संचालन गरिने योजना तथा कार्यक्रमहरूलाई बालमैत्रीबनाउने,
२. विधालय जान नसक्नेर बीचैमा कक्षा छोड्ने बालबालिकालाई विद्यालय शिक्षा उपलब्ध गराउने योजना कार्यान्वयन गर्ने गराउने,
३. बालमैत्री स्थानीय शासनपद्धतिको विकासको लागि स्रोत विनियोजन र परिचालन गर्ने,
४. बालबालिकाको शारीरिक विकासको लागि भौतिक साधनको व्यवस्था गर्ने,
५. बाल अधिकार महासन्धिमा भएका शिक्षा सम्बन्धीविषयहरूको कार्यान्वयन गर्ने गराउने,
६. बालमैत्री स्थानीय शासन पद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने,
७. बालमैत्री स्थानीय शासन सम्बन्धी शिक्षा क्षेत्रमा भएका कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने ।

### (छ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय

१. श्रम तथा यातायातको क्षेत्रमा बालमैत्री स्थानीय शासनको प्रबर्द्धन गर्न आवश्यक नीति तथा कार्यक्रम मापदण्ड तर्जुमा गर्ने,
२. बालमैत्री स्थानीय शासन प्रबर्द्धनका लागि श्रम तथा यातायातका क्षेत्रमा कार्यरत संघसंस्था तथा कार्यक्रमहरू बीच समन्वय र सहजीकरण गर्ने,
३. बालश्रम सम्बन्धी महासन्धि लगायत अन्य सन्धि महासन्धिहरूको कार्यान्वयन गर्ने गराउने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धीश्रम तथा यातायात क्षेत्रमा भएका कार्यहरूको अनुगमन र मूल्याङ्कन गर्ने गराउने,
५. बालमैत्री स्थानीय शासनपद्धतिको विकास गर्न स्थानीय निकायलाई सघाउने ।

### (ज) कानून तथा न्याय मन्त्रालय

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न कानून एवं तर्जुमा र परिमार्जन गर्दा बाल अधिकार सम्बन्धीविषयलाई ध्यान दिने,
२. बाल अधिकार सम्बन्धी महासन्धि लगायत अन्य सन्धि महासन्धिहरूको पूर्ण कार्यान्वयनको खाका तयार गरी अनुगमन गर्ने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी कानूनको कार्यान्वयन गर्न स्थानीय निकायलाई सघाउने ।

### (झ) केन्द्रीय बाल कल्याण समिति समिति

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न केन्द्रीय स्तरको प्राविधिक निकायको रुपमा काम गर्ने,
२. बाल कल्याण समितिहरूबाट संचालन हुने कार्यक्रमलाई बालमैत्रीबनाउने,
३. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न मातहतका निकाय र संघसंस्थालाई निर्देशन दिने,
४. बालमैत्री स्थानीय शासनको क्षेत्रमा स्रोत विनियोजन र परिचालन गर्ने, गराउने
५. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका कार्यहरूको अनुगमन मूल्याङ्कन गर्ने गराउने ।

### (ञ) बालमैत्री स्थानीय शासन राष्ट्रिय समिति

१. बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र बालमैत्री पद्धतिको प्रबर्द्धन गर्न नेपाल सरकारलाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न केन्द्रीय स्तरबाट समन्वयकारी भूमिका निर्वाह गर्ने,
३. बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय, सरकारी एवं गैर सरकारी संघसंस्था तथा निकाय बीच आवश्यक समन्वय गर्ने गराउने,
४. विषयगत मन्त्रालय र स्थानीय निकायहरूलाई बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न सहयोग पुर्‍याउने,
५. बालमैत्री स्थानीय शासन प्रबर्द्धनको लागि स्रोतको पहिचान र परिचालन गर्ने गराउने,
६. बालबालिका सँग सरोकार राख्ने सबै साझेदार निकायहरूलाई बालमैत्री स्थानीय शासन

सम्बन्धी नीतिगत निर्देशन दिने ।

७. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने ।

**(ट) समाज कल्याण परिषद्**

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न वालवालिकाको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरूबीच समन्बय गर्ने गराउने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धनको लागि स्रोतको विनियोजन र परिचालन गर्ने गराउने ।

**(ठ) बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरू**

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न नेपाल सरकार र स्थानीय निकायहरूलाई सघाउने, स्थानीय स्वायत्त शासन ऐन, २०५५ बमोजिम स्थानीय निकाय कार्यक्रम तर्जुमा र कार्यान्वयनमा समन्वय गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको विकास र विस्तारको लागि संस्थागत क्षमता विकासमा सहयोग गर्ने,
३. स्थानीय निकायहरूलाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न सघाउने,
४. बालमैत्री स्थानीय शासन प्रबर्द्धनको लागि स्रोतको पहिचान र परिचालन गर्ने ।

**(ड) जिल्ला विकास समिति महासंघ, नेपाल, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, नेपालः**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी अनुभब आदान प्रदान गर्ने व्यवस्था मिलाउने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न सम्बन्धित संघ/महासंघहरूबीच समन्बयकारी भूमिका निर्वाह गर्ने र स्रोत परिचालनमा सहयोग गर्ने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने ।

## २.१०.२ जिल्लास्तरका साझेदारहरू

बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्धन गर्ने प्रक्रियामा देहायकका जिल्ला स्तरका साझेदार संस्थाहरू रहनेछन् :

**(क) जिल्ला विकास समिति**

१. केन्द्रस्तरबाट प्राप्त खाका, नीति, मार्गदर्शन तथा विशेष कार्यक्रमहरू र निर्देशनहरूलाई जिल्लाको सन्दर्भमा लागू गर्ने गराउने,
२. बालमैत्री स्थानीय शासन सम्बन्धी जिल्ला स्तरीय नीति, निर्देशिका तर्जुमा गर्ने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको लागि सम्पर्क डेस्कको व्यवस्था गर्ने,
४. विभिन्न सरोकारबालाको बीचमा सम्पर्क, समन्बय र साझेदारी विकास गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने,
५. बालमैत्री स्थानीय शासनका सिद्धान्त र प्रक्रियाहरूको अनुकरण गर्दै योजना तथा कार्यक्रम

संचालनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने र भौगोलिक तथा विषयगतरुपमा प्राथमिकता निर्धारण गरी बजेट विनियोजन गर्ने,

६. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति तथा कार्यक्रम वनाई आवधिक जिल्ला विकास योजनामा समावेश गराउने,
७. बालमैत्री स्थानीय शासन सम्बन्धीवार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
८. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरू समन्बयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,
९. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरूसम्बन्धितविषयगत कार्यालय, निकाय एवम् गैर सरकारी संघ संस्था मार्फत कार्यान्वयन गर्ने गराउने जिल्लार विकास समितिले प्रबर्द्धनात्मक, सहयोगात्मक एवम् समन्बयात्मक भुमिका निर्वाह गर्ने,
१०. विभिन्न निकायबाट संचालन भएका बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरूको सुपरीबेक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने,
११. बालमैत्री स्थानीय शासनको आबधिक प्रगति समीक्षा गरी कार्यक्रम संचालनमा देखा परेका समस्याहरू निराकरण गर्ने,
१२. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवम्सेवा प्रवाह पद्धतिलाई बालमैत्रीवनाउने ।

**(ख) बालमैत्री स्थानीय शासन जिल्ला समिति**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीयस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र वालमैत्री पद्धतिको प्रबर्द्धन गर्न जिल्ला विकास समितिलाई नीतिगत पृष्ठपोषण गर्ने,
२. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न जिल्लास्तरबाट समन्बयकारी भूमिका निर्वाह गर्ने,
३. बालबालिकाको क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय, सरकारी एवम् गैर सरकारी संघसंस्था तथा निकायबीच आबश्यक समन्बय गर्ने गराउने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने ।

**(ग) महिला तथा बालबालिका कार्यालय**

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न स्थानीय निकायलाई सहयोग गर्ने,
२. महिला तथा बालबालिकासम्बन्धी नीति तथा कार्यक्रमलाई बालमैत्री वनाउने र यस्ता कार्यक्रमहरूमा बाल सहभागिता सुनिश्चित गर्ने,
३. बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुनेगरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,
४. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निकायबीच समन्बय गरी कार्यक्रम संचाचाल गर्ने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी सम्पर्क ब्यक्ति वा शाखा तोक्ने, भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्याबधिक र सम्प्रेषण गर्ने,
६. आफ्नो कार्यालय अन्तर्गत संचालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,
७. सेवा प्रवाहपद्धतिलाई बालमैत्रीवनाउने ।

**(घ) विषयगत कार्यालय (जिल्ला जनस्वास्थ्य कार्यालय, जिल्ला शिक्षा कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, जिल्ला प्राबिधिक कार्यालय,जिल्ला कृषि विकास कार्यालय,घरेलु तथा साना उद्योग कार्यालय/समिति, जिल्ला वन कार्यालय, आदि**

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न स्थानीय निकायलाई सहयोग र समन्बय गर्ने,
२. आ-आफ्नो क्षेत्रमा संचालन हुने नीति तथा कार्यक्रमलाई बालमैत्रीवनाउने र यस्ता कार्यक्रमहरूमा बाल सहभागिता सुनिश्चित गर्ने,
३. आ-आफ्नो क्षेत्रका बालमैत्री स्थानीय शासन सम्बन्धी सूचक प्राप्त हुने गरी बालमैत्री योजना तर्जुमा र कार्यान्वयन गर्ने गराउने,
४. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने निकायबीच समन्बय गरी कार्यक्रम संचालन गर्ने,
५. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्याबधिक र सम्प्रेषण गर्ने,
६. आ-आफ्नो क्षेत्रमा संचालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन तथा मूल्याङ्कन गर्ने,
७. आ-आफ्नो कार्यालयमा आबश्यकता अनुसार बालमैत्री फोकल पर्सन/डेस्क तोक्ने,
८. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवम्सेवा प्रवाह पद्धतिलाई बालमैत्रीवनाउने ।

**(ङ) जिल्ला बाल कल्याण समिति**

१. बालमैत्री स्थानीय शासन प्रबर्द्धन गर्न स्थानीय निकायलाई सहयोग गर्ने,
२. बालमैत्री योजना तर्जुमा र कार्यान्वयनमा सम्बन्धित निकायहरूलाई सहयोग गर्ने,
३. बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने संघसंस्थाहरू बीच समन्बय गर्ने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धी भएका क्रियाकलाप तथा प्रगति विवरणको सूचना अद्याबधिक र सम्प्रेषण गर्ने गराउने ।

**(च) जिल्ला बाल संजाल, महिला संजाल तथा गैर सरकारी संस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न आफ्ना सदस्यहरूलाई परिचालन गर्ने,
२. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयनको लागि स्थानीय निकाय र विषयगत कार्यालयलाई सहयोग गर्ने,
३. बालबालिकासम्बन्धी कार्यगर्दा स्थानीय निकाय समन्बय गरी एकद्वार पद्धतिबाट कार्य गर्ने गराउने,
४. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवम्सेवा प्रवाहलाई बालमैत्री वनाउने ।

### २.१०.३ गाउँपालिकास्तरीय साझेदारहरू

बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्धन गर्ने प्रक्रियामा देहायकका गाउँपालिकास्तरका साझेदार संस्थाहरू रहनेछन् :

**(क) गाउँपालिका**

१. केन्द्र र जिल्ला विकास समितिबाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरू-आफ्नो क्षेत्रको सन्दर्भमा आबश्यकता अनुसार परिमार्जन गरी वा नगरी लागू गर्ने,
२. आफ्नो क्षेत्रमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति तर्जुमा गर्ने,
३. बालमैत्री स्थानीय शासन प्रबर्द्धनको लागि सम्पर्क व्यक्ति तोक्ने,
४. बालमैत्री स्थानीय शासन प्रबर्द्धनको लागि स्थानीय स्तरमा योजना तथा कार्यक्रम संचालन गर्दा नेतृत्वबदायी भूमिका निर्वाह गर्ने,
५. बालमैत्री स्थानीय शासन प्रबर्द्धनको लागि बजेट विनियोजन गर्ने,
६. बालमैत्री स्थानीय शासन सम्बन्धी दीर्घकालीन नीति वनाई वार्षिक एवम् आबधिक योजनामा समावेश गर्ने,
७. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने,
८. बालमैत्री स्थानीय शासन सम्बन्धी संचालित कार्यक्रमहरू समन्वयात्मक र एकीकृत ढंगबाट संचालन गर्ने गराउने,
९. बाल क्लब/समूहहरूको विकासमा सहयोग पुऱ्याउने,
१०. बालमैत्री स्थानीय शासनको आबधिक प्रगति समीक्षा गर्ने,
११. आ-आफ्नो क्षेत्रबाट हुने सेवा प्रवाहलाई बालमैत्री बनाउने ।

**(ख) बालमैत्री स्थानीय शासन गाउँपालिका समिति**

१. बालमैत्री स्थानीय शासन पद्धतिको प्रबर्द्धन गर्न नगरबाट समन्बयकारी भूमिका निर्वाह गर्ने,
२. बालमैत्री स्थानीय शासन सम्बन्धी नगरस्तरको नीति, निर्देशिका, कार्यविधि तयार गर्ने र गाउँपालिको पद्धतिको प्रबर्द्धन गर्न गाउँपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,
३. बालबालिकाकोक्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय, सरकारी एवम् गैर सरकारी संघसंस्था तथा निकायबीच आबश्यक समन्बय गर्ने गराउने,
४. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन मूल्याङ्कन गर्ने, गराउने ।

**(ग) सामुदायिक संस्था, सेवा केन्द्र, विधालय, स्वास्थ्य, गैससंसंस्थातथा अन्य संघसंस्था**

१. बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम संचालन गरी सेवा प्रवाहमा सहयोग पुऱ्याउने, बालमैत्री स्थानीय शासनको अवधारणालाई समुदाय स्तरसम्म पुऱ्याउन प्रबर्द्धनात्मक कार्यहरू गर्ने, बाल समूहहरूको विकास र प्रबर्द्धनमा सहयोग पुऱ्याउने,
२. कार्यक्रमको स्वःअनुगमन, आवधिक समीक्षा मूल्याङ्कन गर्ने,
३. स्थानीय स्तरमा उपलब्ध साधन स्रोत पहिचान गरीबालबालिकाका क्षेत्रमा परिचालन गर्ने,
४. सरोकारवालासँग सम्पर्क एवम् समन्बय गर्ने र साझेदारी निर्माण गर्ने,
५. स्वीकृत नीति निर्देशिका अनुसार कार्यक्रम संचालन गर्ने,
६. आ-आफ्नो क्षेत्रमा संचालन हुने कार्यक्रमको स्वामित्व ग्रहण गर्ने,
७. आ-आफ्नो क्षेत्रबाट हुने विकास निर्माण एवम्सेवा प्रवाहलाई बालमैत्री वनाउने ।

## २.११ बालमैत्री सुशासनयुक्त गाउँपालिका स्थापनाका लागी अवसर र सम्भावनाहरु

विकासको प्रक्रिया प्राचिनकालदेखि सुरु भएतापनि दोस्रो बिश्वयुद्धको समाप्तिपछि यो व्यबस्थित र योजनाबद्ध ढगंले अगाडि बढेको देखिन्छ । बिकसित समाजलाई आधुनिक र अबिकसित समाजलाई परम्परागत भनेर ब्याख्या गर्दै आधुनिकीकरणमा आधारित विकासको अवधारणा अघि आएको हो । तर आर्थिक तथा प्राबिधिक विकास भयो भने विकास हुन्छ भने मान्यतमा आधारित थियो । बालमैत्री गाविसको अवधारणाले समाजमा नकारात्मक प्रभाब पार्न थालेपछि विकासको बैकल्पिक अवधारणाहरूको खोजी गर्ने क्रममा विकास स्थानीय परिबेश, संस्कृति र स्थानीय जनताको इच्छा, आवश्यक्ता  तथा नेतृत्बमा हुनु पर्दछ भन्ने मान्यता अगाडि आयो । विकास प्रक्रिया केन्द्रमुखि नभई जनमुखी हुनुपर्दछ र आर्थिक विकास मात्र होइन सामाजिक तथा सास्कृतिक विकासलाई पहिलो लक्षित विनदु वनाउनुपर्दछ भन्ने सोचको सुरु भयो । अविकसित अनि गरिबीजस्ता कुरालाई असमान सामाजिक संरचनाको परिणामका रुपमा बुझि सामाजिक संरचनागत परिवर्तनले मात्र सम्पन्न र सुखी समाजको सिर्जना गर्न सकिन्छ भन्ने मान्यताले बल पाउन थाल्यो । त्यस्तो विकासले समाजको उत्पीडित बर्ग, दलित, महिला र बालबालिकाको अवस्थामा सकरात्मक परिवर्तन ल्याउन सक्छ भन्ने अवधारणा अगाडि आयो । यहि अवधारणालाई बालबालिकाको विकासका लागि कार्य गर्ने ब्यक्ति अनि संस्थाले बालमैत्री विकासको अवधारणाका रुपमा ब्याख्या गर्ने गरेको भेटिन्छ ।

नेपालको शक्ति संरचना लगायत विकास प्रक्रिया हेर्ने हो भने बालबालिका सबैभन्दा मुनि रहेको देखिन्छ । त्यसैले बालबालिकालाई लक्षित गरी विकास प्रक्रिया अगाडि बढाउनुपर्ने कुरामा जोड दिई बालमैत्री गाविस कार्यक्रमको प्रारम्भ नेपाल सरकार, महिला तथा बालबालिका तथा समाजकल्याण मन्त्रालय, केन्द्रिय बालकल्याण समितिको अगुवाईमा वि.सं. २०६३ साल देखि ८ वटा जिल्लाको ७ वटागाविस तथा १ वटा गाउँपालिकामा बालमैत्री (बालमैत्रीगाविस स्थापना कार्यक्रम) अभियानका रुपमा प्रारम्भ गरिएको हो । हालसम्म आइपुग्दा यो कार्यक्रम २२ जिल्लामा विस्तार गरिएको छ । बालबालिकालाई केन्द्रमा राखेर उनीहरूसगँ सरोकार हुने सम्पूर्ण संरचना (परिवार, समुदाय, संघ/संस्था, स्थानीय सरोकार) को विकासबाल सुहाउदो भयो भने बालबालिकाले सहज रुपमा आफ्नो अधिकार उपभोग गर्न सक्ने तथा सम्पूर्ण गाविसकै विकास हुने भएकाले यो अवधारणाको महत्ब निकै बढेको देखिन्छ। साथै वि.सं. २०६८ सालमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले समेत बालमैत्री स्थानीय शासन कार्यविधि र रणनीति २०६८ जारी गरी हाल ६४ जिविस र ३२ वटा गाउँपालिकालाई तालिम दिई बालमैत्री स्थानीय शासन पद्धति अगाडि बढाइएको छ ।

गाउँपालिकाले आफुलाई २०८० सम्ममा गाउँपालिकालाई नै घोषणा गर्ने गरि विभिन्न कार्यहरु अगाडी बढाइरहेको छ ।

# परिच्छेद-३

राष्ट्रिय जनगणना २०६८, अनुसार गाउंपालिकाको कूल जनसङ्ख्या ३६,९३७ रहेको छ । ५,६७० घरधुरी रहेको गाउँपालिकामा महिलाको जनसङ्ख्या १८,१०३ (४९.०२ %) र पुरूषको जनसङ्ख्या १८,८३१ (५०.९८ %) रहेको छ । यसरी हेर्दा महिला भन्दा ७२८ ले पुरूषको जनसङ्ख्या बढी रहेको छ ।

## ३.१ उमेर समूह तथा जातिगत आधारमा जनसङ्ख्या

### ३.१.१ उमेर समूह अनुसारको जनसङ्ख्या

राष्ट्रिय जनगणना २०६८, अनुसार गाउँपालिकाको उमेर, समूहको आधारमा हेर्दा १५ वर्ष मुनिको जनसङ्ख्या कूल जनसङ्ख्याको ३९.९७ प्रतिशत रहेको छ। त्यस्तै गरी ६० वर्ष देखि माथिको जनसङ्ख्या ७.७० प्रतिशत रहेको छ भने १५ वर्ष देखि माथि ६० वर्ष सम्मको जनसङ्ख्या ५२.३४ प्रतिशत रहेको देखिन्छ। ०-१४ र ६० भन्दा माथिको जनसङ्ख्या उत्पादनको दृष्टिले निष्कृय अर्थात प्राश्रित हुने गर्छ। यो उमेर समूह त्यसमा पनि ०-१४ वर्षको जनसङ्ख्या बढी हुनु विकासका दृष्टिले राम्रो मानिदैन ।

**तालिका नं. ४ उमेर समूह अनूसार जनसङ्ख्याको विवरण**

| क्र.सं. | उमेर समूह | पुरूष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | ००-०४ | २२५४ | ११.९७ | २२२६ | १२.२९ | ४,४८० | १२.१३ |
| २ | ०५-०९ | २८०० | १४.८७ | २६२६ | १४.५० | ५,४२६ | १४.६९ |
| ३ | १०-१४ | २५०९ | १३.३२ | २३४८ | १२.९७ | ४,८५७ | १३.१५ |
| ४ | १५-१९ | १८८१ | ९.९९ | १८४० | १०.१६ | ३,७२१ | १०.०७ |
| ५ | २०-२४ | १४०० | ७.४३ | १५१५ | ८.३७ | २,९१५ | ७.८९ |
| ६ | २५-२९ | १४१५ | ७.५१ | १३९४ | ७.७० | २,८०९ | ७.६० |
| ७ | ३०-३४ | १०८१ | ५.७४ | १२३४ | ६.८२ | २,३१५ | ६.२७ |
| ८ | ३५-३९ | ११३९ | ६.०५ | ९८५ | ५.४४ | २,१२४ | ५.७५ |
| ९ | ४०-४४ | ८५३ | ४.५३ | ८८८ | ४.९० | १,७४१ | ४.७१ |
| १० | ४५-४९ | ८१३ | ४.३२ | ६९८ | ३.८६ | १,५११ | ४.०९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ५०-५४ | ६२५ | ३.३२ | ५२१ | २.८८ | १,१४६ | ३.१० |
| १२ | ५५-५९ | ५२१ | २.७७ | ५२८ | २.९२ | १,०४९ | २.८४ |
| १३ | ६०-६४ | ५६९ | ३.०२ | ४९२ | २.७२ | १,०६१ | २.८७ |
| १४ | ६५-६९ | ३८० | २.०२ | ३४७ | १.९२ | ७२७ | १.९७ |
| १५ | ७०-७४ | ३०८ | १.६४ | २६२ | १.४५ | ५७० | १.५४ |
| १६ | ७५-+ | २८३ | १.५० | २०२ | १.१२ | ४८५ | १.३१३ |
| जम्मा | | १८,८३१ | १०० | १८,१०६ | १०० | ३६,९३७ | १०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

### ३.१.२ जातिगत आधारमा जनसङ्ख्याको विवरण

यहाँका मुख्य बासिन्दा मधेशी समुदाय रहेका छन् । २०६८, को जनगणना अनुसार कूल जनसङ्ख्याको १६.७७ प्रतिशत मुसलमान रहेका छन् भने थारू १३.५७, यादव १२.३६, कुर्मी ६.४१, मगर ५.८३ प्रतिशत रहेका छन् । यसरी हेर्दा मधेशी समदुायको बाहुल्यता रहेको गाउँपालिका पहाडी समुदाय कम मात्रै रहेको छ ।

**तालिका नं. ५ जातिगत संरचनाको आधारमा जनसङ्ख्याको विवरण**

| क्र.सं. | जातीगत विवरण | पुरूष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | मुसलमान | ३,१५७ | १६.७६ | ३,०३८ | १६.७८ | ६,१९५ | १६.७७ |
| २. | थारू | २,५१८ | १३.३७ | २,४९६ | १३.७९ | ५,०१४ | १३.५७ |
| ३. | यादव | २,४३५ | १२.९३ | २,१३२ | ११.७८ | ४,५६७ | १२.३६ |
| ४. | कुर्मी | १,२३९ | ६.५८ | १,१३० | ६.२४ | २,३६९ | ६.४१ |
| ५. | मगर | १,०७७ | ५.७२ | १,०७८ | ५.९५ | २,१५५ | ५.८३ |
| ६. | कोरी | ९३० | ४.९४ | ८५९ | ४.७४ | १,७८९ | ४.८४ |
| ७. | क्षेत्री | ८२८ | ४.४० | ८७८ | ४.८५ | १,७०६ | ४.६२ |
| ८. | धोवी | ८६२ | ४.५८ | ७४८ | ४.१३ | १,६१० | ४.३६ |
| ९. | दुसाद, पासवान, पासी | ७३३ | ३.८९ | ६८० | ३.७६ | १,४१३ | ३.८३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | ब्राहमण पहाड | ६१४ | ३.२६ | ७१४ | ३.९४ | १,३२८ | ३.६० |
| ११. | कामी | ४६१ | २.४५ | ५६० | ३.०९ | १,०२१ | २.७६ |
| १२. | दलित अन्य | ४४० | २.३४ | ४१९ | २.३१ | ८५९ | २.३३ |
| १३. | तेली | ४०० | २.१२ | ३४५ | १.९१ | ७४५ | २.०२ |
| १४. | केवट | ३७३ | १.९८ | ३४६ | १.९१ | ७१९ | १.९५ |
| १५. | कहार | ३४५ | १.८३ | ३४८ | १.९२ | ६९३ | १.८८ |
| १६. | हलुवाई | २२० | १.१७ | १९५ | १.०८ | ४१५ | १.१२ |
| १७. | गडेरी, भेंडार | २०१ | १.०७ | १७७ | ०.९८ | ३७८ | १.०२ |
| १८. | तराई, अन्य | १७६ | ०.९३ | १७७ | ०.९८ | ३५३ | ०.९६ |
| १९. | दमाई, ढोली | १७७ | ०.९४ | १७४ | ०.९६ | ३५१ | ०.९५ |
| २०. | हजाम, ठकुरी | १७८ | ०.९५ | १६६ | ०.९२ | ३४४ | ०.९३ |
| २१. | ब्राहमण तराई | १७३ | ०.९२ | १६३ | ०.९० | ३३६ | ०.९१ |
| २२. | कलवार | १४८ | ०.७९ | १६२ | ०.८९ | ३१० | ०.८४ |
| २३. | चमार, हरिजन, राम | १५७ | ०.८३ | १४५ | ०.८० | ३०२ | ०.८२ |
| २४. | बढई | १३० | ०.६९ | १२० | ०.६६ | २५० | ०.६८ |
| २५. | कुमाल | ९२ | ०.४९ | १०१ | १९८.०४ | १९३ | ०.५२ |
| २६. | अन्य | ८६ | ०.४६ | १०७ | ०.५९ | १९३ | ०.५२ |
| २७. | लोहार | ८४ | ०.४५ | ८० | ०.४४ | १६४ | ०.४४ |
| २८. | बरई | ७२ | ०.३८ | ५९ | ०.३३ | १३१ | ०.३५ |
| २९. | कथबनियाँ | ७० | ०.३७ | ५४ | ०.३० | १२४ | ०.३४ |
| ३०. | कोइरी, कुशवाहा | ६३ | ०.३३ | ५६ | ०.३१ | ११९ | ०.३२ |
| ३१. | बंगाली | ५७ | ०.३० | ५१ | ०.२८ | १०८ | ०.२९ |
| ३२. | सन्यासी, दशनामी | ५४ | ०.२९ | ४८ | ०.२७ | १०२ | ०.२८ |
| ३३. | ठकुरी | ४८ | ०.२५ | ५२ | ०.२९ | १०० | ०.२७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३४. | माली | ४७ | ०.२५ | ४६ | ०.२५ | ९३ | ०.२५ |
| ३५. | गुरूङ्ग | ३५ | ०.१९ | ४४ | ०.२४ | ७९ | ०.२१ |
| ३६. | नेवार | ३३ | ०.१८ | २८ | ०.१५ | ६१ | ०.१७ |
| ३७. | सार्की | २६ | ०.१४ | ३० | ०.१७ | ५६ | ०.१५ |
| ३८. | गाईने | १३ | ०.०७ | १९ | ०.१० | ३२ | ०.०९ |
| ३९. | लिम्बु | १३ | ०.०७ | १८ | ०.१० | ३१ | ०.०८ |
| ४०. | धनकार, खरिकार | १५ | ०.०८ | ९ | ०.०५ | २४ | ०.०६ |
| ४१. | तामाङ्ग | ८ | ०.०४ | ९ | ०.०५ | १७ | ०.०५ |
| ४२. | माझी | १० | ०.०५ | ५ | ०.०३ | १५ | ०.०४ |
| ४३. | ल्होमी | ६ | ०.०३ | ९ | ०.०५ | १५ | ०.०४ |
| ४४. | घर्ती, भुजेल | ६ | ०.०३ | ७ | ०.०४ | १३ | ०.०४ |
| ४५. | बोटे | ९ | ०.०५ | ३ | ०.०२ | १२ | ०.०३ |
| ४६. | कायश्थ | ३ | ०.०२ | ८ | ०.०४ | ११ | ०.०३ |
| ४७. | मारवाडी | ६ | ०.०३ | ५ | ०.०३ | ११ | ०.०३ |
| ४८. | सुनुवार | ३ | ०.०२ | ८ | ०.०४ | ११ | ०.०३ |
| जम्मा | | १८,८३१ | १००.०० | १८,१०६ | १००.०० | ३६,९३७ | १००.०० |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग।

### ३.१.३ वडागत आधारमा जनसङ्ख्याको विवरण

वडागत आधारमा जनसङ्ख्याको विवरण हेर्दा सबैभन्दा बढी वडा नं. ७ मा मानिस बसोबास गर्छन भने त्यसपछि क्रमश वडा नं. ३, २, १, ४, ५ मा बस्दछन् । सबैभन्दा कम जनसङ्ख्या वडा नं. ६ मा रहेको छ।

**तालिका नं. ६ वडागत आधारमा जनसङ्ख्याको विवरण**

| वडा नं. | घरधुरी सङ्ख्या | पुरूष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | ७८६ | २,७४० | २,५६४ | ५,३०४ |

| | | | | |
|---|---|---|---|---|
| २ | ८२८ | २,८०७ | २,७९४ | ५,६०१ |
| ३ | ९५३ | ३,१०० | २,९२२ | ६,०२२ |
| ४ | ८८७ | २,४१९ | २,५०८ | ४,९२७ |
| ५ | ७३७ | २,५०४ | २,३८३ | ४,८८७ |
| ६ | ६२५ | १,९७२ | १,८५६ | ३,८२८ |
| ७ | ८५४ | ३,२८९ | ३,०७९ | ६,३६८ |
| जम्मा | ५,६७० | १८,८३१ | १८,१०६ | ३६,९३७ |

स्रोतः राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग ।

### ३.१.४ मातृभाषाका आधारमा जनसङ्ख्याको विवरण

मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण हेर्दा ५१.३२ प्रतिशत अवधि मातृभाषाको रूपमा प्रयोग गर्दछन् । त्यसै गरी उर्दु १६.६६, नेपाली १५.२९, थारू ११.९३ प्रतिशत बाहेक अन्य भाषाहरूमा मगर भाषा पनि मातृभाषाको रूपमा बोल्ने गरिन्छ ।

**तालिका नं. ७ मातृभाषाको आधारमा जनसङ्ख्याको विवरण**

| क्र. सं. | मातृभाषाको प्रकार | पुरूषको जनसङ्ख्या | प्रतिशत | महिलाको जनसङ्ख्या | प्रतिशत | जम्मा जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | अवधि | ९,९३५ | ५२.७६ | ९,०२० | ४९.८२ | १८,९५५ | ५१.३२ |
| २. | उर्दु | ३,१३८ | १६.६६ | ३,०१७ | १६.६६ | ६,१५५ | १६.६६ |
| ३. | नेपाली | २,६४२ | १४.०३ | ३,००५ | १६.६० | ५,६४७ | १५.२९ |
| ४. | थारू | २,२०८ | ११.७३ | २,१९९ | १२.१५ | ४,४०७ | ११.९३ |
| ५. | मगर | ५५० | २.९२ | ५२३ | २.८९ | १,०७३ | २.९० |
| ६. | मैथिली | २५५ | १.३५ | २२४ | १.२४ | ४७९ | १.३० |
| ७. | अन्य | ५७ | ०.३० | ५९ | ०.३३ | ११६ | ०.३१ |
| ८. | रिपोर्ट नभएको | १४ | ०.०७ | २० | ०.११ | ३४ | ०.०९ |
| ९. | लिम्बु | १३ | ०.०७ | १८ | ०.१० | ३१ | ०.०८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | खाम | १३ | ०.०७ | १४ | ०.०८ | २७ | ०.०७ |
| ११. | नेवार | ६ | ०.०३ | ७ | ०.०४ | १३ | ०.०४ |
| १२. | जम्मा | १८,८३१ | १००.०० | १८,१०६ | १००.०० | ३६,९३७ | १००.०० |

स्रोत : राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं ।

### ३.१.५ वडामा रहेका टोलको विवरण

गाउँपालिकाका सबै वडामा १०४ वटा टोल बस्तीहरू रहेका छन् । सबै भन्दा बढी १, ४ र ५ मा १७/१७ वटा र कम वडा नं. ३ मा ११ वटा रहेका छन् ।

**तालिका नं. ८ वडाअनुसार टोलको विवरण**

| वडा नं. | मुख्य बस्तीको नाम | बस्ती सङ्ख्या |
|---|---|---|
| १. | गुगौली, वलुइयाचापा, बलुइया, नेवलागञ्ज, डाँडाटोल, तिल्कहवा, नौडिहवा, गोब्राहवा, जवाबराठ, मधनगरा, नयाँगाउँ, अस्नहरा, वीरनगर, अम्रुतहवा, वनखेत, तीनघरे, थरौली, श्रीरामपुर, हनुमाननगर र भगिरामपुर | १७ |
| २. | गहिरा, जर्लैया, तिनघरवा, बगैया, मौवावारी, मगरघट्टा, लालपुर, इमिलिखर्क, पडरिया, लौहरौला, मौवाडुढार, इमिलडिहवा, पडरौना, मधवानगर र कुकुरभुकुवा | १५ |
| ३. | महदैया, पर्शुहवाडी, मैनारी, पत्थरदेइया, कढियार, अकलहवा, जगशिपुर, रामनगर (डिहवा), उदयपुर, डगडई र दिपेन्द्रनगर | ११ |
| ४. | महिलवार, मिझुनिया, शंकरपुर पहाडीगाउँ, डगगवा, बरगदहवा कटनी, छिटाइडिहवा, ज्योतिनगर, बुद्धनगर, देउपुरा, त्रिपालनगर, ओमीनगर, जुलाही थारूगाउँ, इमिलिखर्क, विजयनगर, बरगदी, जुलाही पहाडीगाउँ र शंकरपुर | १७ |
| ५. | महादेव, जुगेनिया, शिसवा, मनहरापुर, बघमरवा, बघमरी, वनगाइ, पिपरी, देवीपुर, देवीपुर चोक, कटुवा, ठकुरापुर, कटनीया, नौरङ्गिया, | १७ |

| | | |
|---|---|---|
| | डालपुर, डालपुर नयाँवस्ती र डालपुर डिहि | |
| ६. | छुटपाटीभाटा, छुटपाटी, थान खजहनी, विच्छिहवा, खजहनी डिहवा, फरेना, जुड्पनिया, खुरूहुरिया, बगाहा, खडैचा, प्रेमनगर, फरेनी, बद्धौर, उज्जलपुर र सेमरी | १५ |
| ७. | गणेशपुर, लालपुर, मधुनगर, दत्तपुर, गेडवाजोत, धन्धरा, छौ अमली, ढोढरी, प्रसोहिया, बडसुडवा, मानपुर र मानपुर डाँडा | १२ |
| | जम्मा | १०४ |

स्रोत : वडास्तरीय छलफल कार्यक्रम, २०७६

### ३.१.६ परिवार सङ्ख्या र प्रति परिवार औसत सङ्ख्या

**तालिका नं. ९ परिवार सङ्ख्या र प्रति परिवार औसत सङ्ख्याको विवरण**

| विवरण | | जनसङ्ख्या |
|---|---|---|
| परिवार सङ्ख्या | | ५६७० |
| जनसङ्ख्या | महिला | १८,१०६ |
| | पुरूष | १८,८३१ |
| | जम्मा | ३६,९३७ |
| औषत परिवारको आकार | | ६.५१ |

स्रोत : राष्ट्रिय जनगणना २०६८, केन्द्रिय तथ्याङ्क बिभाग, काठमाडौं ।

### ३.२ जन्मदर्ता सम्बन्धी विवरण

जन्मदर्ता बालबालिकाको अधिकार सुनिश्चित गर्ने पहिलो अधिकार हो । विभिन्न प्रकारको व्यक्तिगत घटनाहरू मध्ये जन्मदर्ता प्रमुख हो । बालबालिकालाई जन्मिएपछि आफ्नो नाम, राष्ट्रियता र पहिचानको अधिकार हुन्छ । यस अधिकारलाई बालअधिकारसम्बन्धी महासन्धि १९८९, नेपालको संविधान, २०७२ र बालबालिकासम्बन्धी ऐन, २०४८ ले व्यबस्थित गरेको छ ।

**तालिका नं. १० जन्म, मृत्यु तथा विवाह दर्तासम्बन्धी विवरण**

| आ.व. २०७४/०७५ को विवरण | | | |
|---|---|---|---|
| महिना | जन्मदर्ता | | |
| | म. | पु. | जम्मा |
| बैशाख | ६० | ८६ | १४६ |

| | | | |
|---|---|---|---|
| जेष्ठ | ५७ | ६२ | ११९ |
| असार | ३ | १२ | १५ |
| साउन | ४८ | ६१ | १०९ |
| भदौ | ९२ | ९८ | १९० |
| असोज | ४१ | ५२ | ९३ |
| कात्तिक | ५६ | ५४ | ११० |
| मसिंर | १९ | २८ | ४७ |
| पौष | ५१ | ५३ | १०४ |
| माघ | ६५ | ६२ | १२७ |
| फागुन | ३७ | ३९ | ७६ |
| चैत | ६७ | ६० | १२७ |
| जम्मा | ५९६ | ६६७ | १२६३ |

स्रोत : विजयनगर गाउँपालिका, सबै वडा कार्यालयहरू, २०७६

**जन्मदर्ताबाट हुने फाईदा –**

- पहिचानको आधार र आमाबाबु एकिन हुने ।
- बालबालिका बिद्यालय भर्ना गर्न सजिलो हुने ।
- ब्यक्तिको नाम उमेर नागरिकता सम्बन्धी समस्याको दीर्घकालिन समाधान हुने ।
- बाल बिज्याईको कारण कानूनको बिवादमा आएका बालबालिकाको उमेर प्रमाणिकरण सजिलो हुने नभएमा प्रक्रिया लामो र खर्चिलो हुने ।
- नाता कायम गर्न र चल अचल सम्पत्तीको बेचबिखन र भोगचलन गर्न सजिलो हुने ।
- तथ्याङ्क नियमित र अध्याबधिक गर्न सजिलो हुने ।
- राष्ट्रले उपलब्ध गराउने सुविधा प्राप्त गर्न सजिलो हुने ।
- बाल केन्द्रित कार्यक्रम वनाउन र उपलब्धी मापन गर्न सजिलो हुने ।
- बिदेशका जानका लागि भिसा प्राप्त गर्न सजिलो हुने ।
- राष्ट्रिय नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुग्ने ।

**जन्मदर्ता कम हुने कारण तथा चुनौतिहरू -**

- जन्मदर्ता नै बैधानिक आधार हो भन्ने कुराको अभिभाबकहरूमा जानकारीको अभाब ।
- आबश्यकता परे पछि मात्र जन्मदर्ता गराए हुन्छ भन्ने मान्यता स्थापित हुनु ।
- निजी बिद्यालयमा भर्ना गर्दा जन्मदर्तालाई अनिवार्य प्रमाण पत्रको रुपमा लागु नगरिनु ।
- जन्मदर्तालाई ब्याबहारिक रुपमा स्बीकार गरिनसक्नु ।

- राष्ट्रिय खोप लगाउने बेला नै जन्मदर्ता नगराउनु ।
- जन्मदर्तासँगै कुनै थप कार्यक्रम लैजान नसक्नु ।
- जनचेतना बढाउने तथा प्रचार प्रसार गर्ने कार्यक्रमहरू कम हुनु ।

## ३.३ बाल बिवाहको अवस्था

कुनै पनि देशले बिवाहका लागि कानुनमै न्यूनतम उमेर तोकेको हुन्छ । उक्त उमेर नपुग्दै बिवाह गरिन्छ भने त्यसलाई बाल बिवाहका रुपमा तथा कम उमेरमा गरेको बिवाहका रुपमा लिने गरिन्छ । नेपालमा मुलुकी ऐन (एघारौ सशोंधन २०५८) २०२० ले बिवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए बीस वर्ष नपुगी बिवाहवारी गर्न नहुने व्यवस्था गरेको छ । बर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण बालबिवाहको चलन घट्दै गइरहेको पाइन्छ । तापनि अझै केही क्षेत्रहरूमा गलत सामाजिक परम्परा र मुल्य मान्यताका कारण नाबालक अवस्थामै बिवाह गरिदिने चलन रहेको पाइन्छ । साथै पछिल्लो क्रममा इन्टरनेट, टेलिभिजन र मोवाइलमा बालबालिकाको पहुँच बृद्धि भई दुरुपयोग बढेर आफुखुसी बालबिवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन् ।

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भे अनुसार बालबिवाह गर्ने क्रममा १५ देखी १९ वर्षका किशोरीको प्रतिशत क्रमशः घट्दै गएको देखिन्छ । तथापी गाउँघर तिर भने पुरुषले १८ देखि २० वर्षमा र महिलाले १५ देखी १७ वर्षकै उमेरमा बिवाह गर्ने गरेको पाइन्छ । प्लान नेपाललगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन अनुसार सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरीले बालबिवाह गरेको देखिन्छ जुन २०११ को राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेभन्दा घट्दो क्रममा रहेको छ ।

# परिच्छेद ४

नेपालको प्रदेश ५ अन्तर्गत कपिलवस्तु जिल्लाको सदरमुकाम देखि पश्चिम दक्षिण तर्फ रहेको गाउँपालिकामा स्वास्थ्य अवस्था र स्वास्थ्य सेवामा मध्यम पहुँच देखिन्छ । गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकी सरकारी माहतका स्वास्थ्य संस्था हुन् भने गाउँपालिकामा सञ्चालित केही अन्य निजी फार्मेसी, क्लिनिक जस्ता स्वास्थ्य संस्थाले सेवा पुऱ्याईरहेका छन् । ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ भने गाउँपालिकाको केन्द्र तथा बजार क्षेत्रमा निजी तथा सरकारी स्वाथ्य संस्थाको पहुँच ग्रामीण भेग भन्दा सहज देखिन्छ । यद्यपि गाउँपालिकाको आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मी छैनन् । गाउँपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थामा बर्थिङ सेन्टर, प्राथमिक उपचार जस्ता सेवाहरू हाल उपलब्ध रहेको छ ।

**तालिका नं. ११ गाउँपालिकामा रहेका स्वास्थ्य चौकीको विवरण**

| क्र.सं. | स्वास्थ्य संस्था | साविक गा.वि.स. | हालको वडा नं. |
|---|---|---|---|
| १ | गुगौली स्वास्थ्य चौकी | गुगौली | १ |
| २ | विष्णुपुर स्वास्थ्य चौकी | पत्थरदेइया | ३ |
| ३ | पिपरी स्वास्थ्य चौकी | खुरूहुरिया | ५ |
| ४ | गणेशपुर स्वास्थ्य चौकी | गणेशपुर | ७ |
| ५ | आर्युवेद औषधालय | गणेशपुर | ७ |

स्रोत : विजयनगर गाउँपालिका, २०७६

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसङ्ख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ । आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्ति मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ । स्थानीय समुदाय, स्थानीय गैरसरकारी निकायका प्रतिनिधीको अभिव्यक्ति अनुसार गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ । समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, परम्परागत विश्वास आदिका कारण स्वास्थ्य सेवा लिनेको सङ्ख्यामा कमी देखिन्छ । गाउँपालिकाले मासिक रूपमा विशेषज्ञ सेवा सहितको क्लिनिक सञ्चालन गरेको छ । उक्त क्लिनिकमा स्थानीय बासीन्दा

जाँच गराउने गरेका छन् । गाउँपालिकाका विभिन्न वडामा स्वास्थ्य चौकी रहेता पनी औषधीको समयमा आपुर्ती नहुनु मुख्य समस्याको रूपमा रहेको देखिन्छ । ठुला किसिमका रोग लागेमा कृष्णनगर, बढ्नी, चन्द्रौटा र बुटवल जाने गरेका छन् ।

## ४.१ सुरक्षित मातृत्व कार्यक्रम

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट सङ्क्रमित हुने जोखिम हुन्छ । गर्भमा रहँदा मूलत : आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ । बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्की नियमित सेवन गर्नुपर्दछ । कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ । तर १७ प्रतिशत किशोरी १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११) ।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ । यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ । तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन ।

## ४.२ खोप लगाउने बालबालिका र पूर्णखोप गाउँपालिका घोषणा सम्बन्धी विवरण

खोपको राष्ट्रिय लक्ष्य पुरा गर्न बि.सि.जी., दादुरा, डि.पि.टी., निमोकिल, हेवी.हीप. **TT2**, पोलियोजस्ता खोपलाइ प्राथमिकतामा राखी खोप अभियान सञ्चालन हुदै आइरहेको छ । गाउँपालिका पूर्ण खोपयुक्त घोषणा भइसकेको छैन । घोषणाका लागि विभिन्न तयारी तथा कार्यक्रमहरु व्यापक रुपमा हुदै आइरहेका छन् ।

## ४.३ पोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ । पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रूपमा हेर्न सकिन्छ । सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका

बालबालिकालाई नियमित रूपमा बालवृद्धि अनुमान गर्दै आएको छ । बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्त्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलाप प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ । राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रम सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था समेत कार्यरत रहेका छन् ।

## ४.४ गाउँपालिकामा देखापरेका मुख्य रोग

(१) श्वासप्रश्वास सम्बन्धी रोग

(२) झाडापखला

(३) छाला रोग

(४)अन्य रोग

## ४.५ परिवार नियोजनको साधन प्रयोग, वितरण र सहयोगी निकायको विवरण

परिवार नियोजन कार्यक्रमको मुख्य जोड स्वास्थ्य सेवा सञ्जाल जस्तै अस्पताल, प्राथमिक स्वास्थ्य उपचार केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा outreach क्लिनिक तथा घुम्ती परिवार नियोजन शिविरको माध्यमबाट समुदायमा गुणस्तरीय परिवार नियोजन सेवाको विस्तार गर्नु हो । परिवार नियोजन नीतिले पनि सार्बजनिक-नीजि साझेदारीलाई प्रोत्साहन गरेको छ । कण्डम तथा पिल्स चक्कीको वितरणलाई प्रोत्साहन गर्न महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका परिचालित भएका छन् । महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका कार्यक्रमले परिकल्पित गरेको राष्ट्रिय रणनीति अनुसार विभिन्न IEC/BCC को मध्यस्थताका साथै महिला सामुदायिक स्वास्थ्य

स्वयंसेविका तथा स्वास्थ्य आमा समूहको सक्रिय सहभागिताको माध्यमबाट परिवार नियोजन सम्बन्धी जनचेतना बढाउनु जरूरी छ ।

यस सन्दर्भमा परिवार नियोजन सेवा प्रयाप्त रूपमा गर्भनिरोधक सेवा/विधी उपलब्ध गराउन योजित छन जसले प्रजनन दर घटाउछ, मातृ तथा नबजात शिशु स्वास्थ्य बढाउछ, बच्चा जीबित राख्न सहयोग गर्छ, जनसङ्ख्या वृद्धि तथा सामाजिक आर्थिक विकासको सन्तुलनमा योगदान दिन्छ । फलस्वरूप नेपालीको जीवन स्तर सुधार्ने वातावरण सृजनामा सहयोग पुऱ्याउँछ ।

## ४.६ महिला स्वास्थ्य स्वयंसेविका

नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाले उपचारात्मक, प्रवर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन् । जस अनुसार गाउँपालिकामा अहिले ६७ जना महिला स्वयंसेविका कार्यरत रहेका छन् ।

## ४.७ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिक सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानको पहिचान गर्दछ । गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन भएको पाइएको छ । यद्यपी तिनीलाई खटाइएको कर्मचारीको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन । शारिरिक वृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ । गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ । ६ किसिमका विभिन्न प्राणघातक रोगबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ ।

## ४.८ खानेपानीको स्रोत तथा उपलब्धता सम्बन्धी विवरण

खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो । खानेपानी सुरक्षित नहुँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ । खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ । खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ । सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम

न्यूनीकरण गर्न सकिन्छ । गाउँपालिकालाई २०७५ जेष्ठ २४ मा खुल्ला दिसामुक्त घोषणा गरिएको छ । तथापी गाउँपालिकामा सरसफाइको स्थिति कमजोर रहेकोले पूर्ण सरसफाइका क्रियाकलाप नियमित सञ्चालन तथा अनुगमन गर्नुपर्ने देखिन्छ । पालिकाबासीले प्रयोग गर्ने खानेपानीको स्रोत २०६८ को जनगणना अनुसार ४,६५५ घरधुरीले ट्यूवेल/हातेपम्प, ४७० घरधुरीले धारा/पाइप, ३१० घरधुरीले खुला इनार/कुवाको पानी प्रयोग गर्दछन् । यहाँको खानेपानीलाई शुद्धिकरण गरी खानुपर्ने देखिन्छ ।

**तालिका नं. १२ खानेपानीको मुख्य स्रोतको विवरण**

| क्र.सं. | साविक गा.वि.स. | खानेपानीको मुख्य स्रोत | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | धारा/ पाइप | ट्युबवेल/ हातेपम्प | ढाकिएको इनार/कुवा | खुला इनार /कुवा | मुलधारा | नदी खोला | अन्य | अनुत्तरित |
| १. | गणेशपुर | ८५४ | १३८ | ६४५ | ११ | ४४ | ० | ० | ७ | ९ |
| २. | गुगौली | १६१४ | २०० | १२१२ | १४ | १०२ | ७ | ५३ | १ | २५ |
| ३. | खुरूहुरिया | १३६२ | ११८ | ११०१ | ४४ | ७६ | १ | ० | १६ | ६ |
| ४. | पत्थरदेइया | १८४० | १४ | १६९७ | ४ | ८८ | २ | ६ | २५ | ४ |
| जम्मा | | ५६७० | ४७० | ४६५५ | ७३ | ३१० | १० | ५९ | ४९ | ४४ |

स्रोत : राष्ट्रिय जनगणना २०६८, केन्द्रीय तथ्याङ्क विभाग

# परिच्छेद ५

## ५. शैक्षिक अवस्था

यस अन्तरगत गाउँपालिका क्षेत्र भित्रको शैक्षिक स्थितिको बारेका उल्लेख गरिएको छ । गाउँपालिकामा शिक्षाको दृष्टिकोणले कमजोर स्थिति रहेको छ । मुसलमान जातिका समुदायले छोरीलाई कक्षा ५ भन्दा माथिको शिक्षामा रोक लगाइएको छ । वडा नं. ३ मा रहेको भुनेश्वरी मा.वि.मा सिटिइभिटिबाट सञ्चालित कम्प्युटर इन्जिनियरिङको पढाइ सुरूवात भएको छ ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । गाउँपालिकामा वालविकास केन्द्र ३१ वटा, आधारभूत विद्यालय सामुदायिकतर्फ २० वटा र निजीतर्फ ९ वटा छन् भने माध्यमिक विद्यालयमा सामुदायिक ६ वटा र मदरसा १७ गरी कुल ५२ वटा शैक्षिक संस्थामार्फत शिक्षा दिइरहेका छन् ।

*(नोट : नयाँ शिक्षा ऐन अनुसार कक्षा १ देखि ८ सम्मको तहलाई आधारभूत तह र कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक तहमा घोषणा गरिएको छ । त्यस्तै कक्षा १ भन्दा मुनिको तहलाई बाल विकास भनेर नामाकरण गरिएको छ ।)*

**तालिका नं. १३ गाउँपालिकामा सञ्चालित विद्यालयको विवरण**

| क्र.सं. | विधालयको नाम ठेगाना | ठेगाना | प्रध्यानाध्यापकको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | श्री अर्रा प्रा.वि. | विजयनगर १, विरनगर | सुदीप सारू | ९८२१४३१५७५ |
| २. | श्री कामना प्रा.वि. | विजयनगर १, जवावैराठ | राम प्रसाद मिश्र | ९८१६४६१६२६ |
| ३. | श्री जनचेतना प्रा.वि | विजयनगर १, गोबरहवा | दुर्गा प्रसाद मिश्र | ९८१२९८२३१६ |
| ४. | श्री जनता प्रा.वि. | विजयनगर ३, पत्थरदेइया | राज किशोर मिश्र | ९८००७३५२०९ |
| ५. | श्री पञ्चजन प्रा. वि | विजयनगर ३, महदेइया | राम सेवक चौधरी | ९८४७०८५९४१ |
| ६. | श्री शान्ती दीप प्रा.वि | विजयनगर २, जर्लैया | विक्रम भर | ९८१४४७४०५६ |
| ७. | श्री आधारभूत विद्यालय | विजयनगर १, | तुल बहादुर सारू | ९८४७३६९३८० |

| | | | | |
|---|---|---|---|---|
| | | थरौली | | |
| ८. | श्री राम शरण आ.वि. | विजयनगर ६, जुडपनिया | मो. आयुफ खाँ | ९८१७५३३०३६ |
| ९. | श्री सचेतना प्रा.वि. | विजयनगर ४, इमीलीखर्क | राधिका सुवेदी | ९८४७२५५७४२ |
| १०. | श्री प्रा.वि. | विजयनगर ५, बघमरवा | कमलेश्वर प्रसाद चौधरी | ९८०७४८३४०२ |
| ११. | श्री जन जागृति प्रा.वि. | विजयनगर ६, बद्धौर | सुर्य प्रसाद चापागाई | ९८४७०८५९९८ |
| १२. | श्री महाकाली प्रा.वि. | विजयनगर बेतनी | सुमित्रा अधिकारी | ९८४७१३२८४२ |
| १३. | श्री रामनारायण मो. युसुफ प्रा.वि | विजयनगर ४, बरगदी | सुरेश कुमार चौहान | ९८१४४८६६८२ |
| १४. | श्री ज्योति बाल शिक्षा प्रा.वि. | विजयनगर ४, ज्योतिनगर | अजय राना | ९८०७५३८९१३ |
| १५. | श्री प्रा.वि. | विजयनगर ३, मयनारी | चन्द्रपाल चौहान | ९८११४८७८५४ |
| १६. | श्री जनज्योति आ.वि | विजयनगर ४, शंकरपुर | हरीचन्द्र गप्ता | ९८११५३६१७६ |
| १७. | श्री त्रिनेत्र आ.वि. | विजयनगर ७, मधुनगर | प्रमिला चौधरी | ९८१५४१४०६१ |
| १८. | श्री जनज्योति आ.वि. | विजयनगर ७, मानपुर | हरी राम चौधरी | ९८५७०५५६३३ |
| १९. | श्री हरीबोध प्रा.वि. | विजयनगर ६, प्रेमनगर | गोमा खड्का | ९८४७२११४८७ |
| २०. | श्री आधारभूत विद्यालय | विजयनगर १, नवलागंज | मधु कुमारी पौडेल | ९८४७५३६२१२ |
| २१. | श्री दुधाधारी मा.वि. | विजयनगर १, गुगौली | सुग्रीव प्रसाद कोरी | ९८१२९८९१२५ |
| २२. | श्री भुनेश्वरी मा.वि. | विजयनगर ३, जगदीशपुर | मुनिजर हसन | ९८०४४२५८०२ |
| २३. | श्री जनजागृति मा. वि. | विजयनगर २, | सुरेन्द्रराज मिश्र | ९८१५४१३६५४ |

| | | | | |
|---|---|---|---|---|
| | | लोहरौला | | |
| २४. | श्री नेपाल तारा मा.वि. | विजयनगर २, महुवाबारी | ताराचन्द्र पाण्डे | ९८४७२९४०७७ |
| २५. | श्री शिव मा.वि. | विजयनगर ५, डालपुर | गोपाल प्रसाद बर्मा | ९८१९४१७८०६ |
| २६. | श्री लौटनराम द्रौपदिदेवि मा. वि. | विजयनगर ७, गणेशपुर | श्याम प्रकाश चौधरी | ९८११४३४०४० |
| **धार्मिक विद्यालयको विवरण** | | | | |
| क.स. | मदरसाहरूको नाम | | प्र.अ.को नाम | सम्पर्क न. |
| १. | श्री म.अ.सु. गरीब नवाज नैमिया | विजयनगर २, महुवादुधार | | ९८०७५५२७७५ |
| २. | श्री म.अ.सुन्न्त फैजाने मुस्तफा | विजयनगर ५, जोगिनिया | | ९८०७४७७१३१ |
| ३. | श्री म.अ.स. हनफिया रजविया | विजयनगर ३, पत्थरदेइया | अति उल्लाह खाँ | ९८५७०५५९९२ |
| ४. | श्री म.अ.सुन्न्त फैजे गौसिया | विजयनगर ५, पिपरी | मो. अकरम | ९८२४४०६८९३ |
| ५. | श्री म.अ.सुन्न्त गौसया प्रा.वि. | विजयनगर ७, दत्तपुर | अतिकुर रहमान | ९८१७४२८७६८ |
| ६. | श्री म.अ.सुन्नत फैजाने गौसिया | विजयनगर ७, गणेशपुर | सबीर अली | ९८१९४४४२६९ |
| ७. | श्री म.अ.सु.फैजाने उलुम नैमिया | विजयनगर २, जलैया | सद्दम हुसेन शाह | ९८०६६४०६०५ |
| ८. | श्री म.अ.सुन्न्त फैजुल चिस्तिया | विजयनगर ४, डगडौवा | हसन मोहम्म्द | ९८१४४३५६८१ |
| ९. | श्री म.अ.सु.समसुल नैमिया | विजयनगर ४, देउपुरा | मो. जुनेद शाह | ९८१४४२१९४६ |
| १०. | श्री म.अ.सु.नैमिया रफिकुल उलुम | विजयनगर ३, पत्थरदेइया | अब्दुल माजिद | ९८००७४०९८८ |
| ११. | श्री मिस्वहुल उलुम | विजयनगर ३, कडिहार | पवित्रा गौतम | ९८१३८२३२८२ |
| १२. | श्री म.अ.सु.कदीरिया फैजुल उलुम | विजयनगर ४, | अमिर मोहम्द शाह | ९८१९४००९८० |

| | | | | |
|---|---|---|---|---|
| | | बरगदवा | | |
| १३. | श्री म.अ.स.नुरी | विजयनगर १, गुगौली | हसन मोहम्म्द | ९८१४४९९१८६ |
| १४. | श्री म.दारून तौहीद | विजयनगर ५, कटुवा | महबुब | ९८२५४३९४७९ |
| १५. | श्री म.अ.सन्नत गुल्सनेरजा | विजयनगर ५, महदेइया | | ९८२५४९६९८६ |
| १६. | श्री म.अरविया मिनहाजुल कुरान | विजयनगर ५, मनेहरापुर | एजाज मुसलमान | ९८२१९७५१८८ |
| १७. | श्री म.अ.सुन्न्त फैजुल उलुम | विजयनगर ३, कडिहार | विजय कुमारी मिश्र | ९८१७५४९०१० |

**निजी विद्यालयको विवरण**

| क.स. | निजी विद्यालयहरूको नाम | ठेगाना | प्र.अ.को नाम | सम्पर्क न. |
|---|---|---|---|---|
| १. | न्यु ब्राइठ फ्युचर इंगलिस वोंडिङ्ग स्कुल | विजयनगर १ गुगौली | शिव कुमार कोरी | ९८१६४३४२०७ |
| २. | सरस्वती इंगलिस वोंडिङ्ग स्कुल | विजयनगर २ जर्लैया | प्रमात्मा प्र. चौधरी | ९८०५४२३९०८ |
| ३. | पारामाउन्ट ऐकेडमी | विजयनगर ४ त्रिपालनगर | | |
| ४. | नेपाल भिजन इंगलिस वोंडिङ्ग स्कुल | विजयनगर ६ खडैचा | | |
| ५. | ऐपेक्स इंगलिस वोंडिङ्ग स्कुल | विजयनगर ६ उज्जलपुर | | |
| ६. | ज्ञान शुधा इंगलिस स्कुल | विजयनगर ५ देवीपुर | सत्रुहन यादव | ९८१५४१५४०० |
| ७. | शिव राज चिल्ड्रेन ऐकेडमी | विजयनगर ५ बघमरवा | राजेन्द्र प्रसाद धोबी | ९८०७५५२४१६ |
| ८. | पार्वती तिलक ऐकेडमी | विजयनगर ५ बघमरवा | प्रसुराम चौधरी | ९८१२९०३८९७ |
| ९. | वोंडिङ्ग स्कुल जगदीशपुर | विजयनगर ३ जगदीशपुर | | |

स्रोत : बिजयनगर गाउँपालिका, शिक्षा शाखा, २०७६

## ५.१.१ बालविकास केन्द्रको विवरण

तीन देखि पाँच बर्ष उमेर समूहका वालवालिकालाई लक्षित गरी सञ्चालन गरिएको प्रारम्भिक वाल विकास केन्द्र गाउँपालिकामा रहेका छन् । वालवालिकाको लागि बिद्यालय शिक्षाको आधार तयार गर्नेगरी सञ्चालन गरिएको वालविकास केन्द्रले वालवालिका सहित शैक्षिक गुणस्तर

सुधार तथा अभिभावकमा समेत सकारात्मक प्रभाव परेको छ । गाउँपालिकामा हाल ३१ वटा बालविकास केन्द्र सञ्चालनमा रहेका छन् ।

**तालिका नं. १४ वालविकास केन्द्रको विवरण**

| क.स. | वालविकास केन्द्रको नाम | ठेगाना | वालशिक्षिका विवरण | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | श्री जन जगृति वालविकास केन्द्र | विजयनगर ७ मानपुर ढोढरी | हीमा भटराई | ९८४७४२४५६४ |
| २. | श्री शान्ती वालविकास केन्द्र | विजयनगर ७ मानपुर ढोढरी | विन्द्रावसनी कोरी | ९८११४८८६८८ |
| ३. | श्री हरीबोध वालविकास केन्द्र | विजयनगर ६ प्रेमनगर | कमला भुसाल | ९८४७२११४८१ |
| ४. | श्री लाली गुरास वालविकास केन्द्र | विजयनगर ६ प्रेमनगर | मुना पुन मगर | ९८४७३७०११८ |
| ५. | श्री दिप ज्योति वालविकास केन्द्र | विजयनगर १ ह्नुमाननगर | पवित्रा बुढाथोकी | ९८०७४०८७७३ |
| ६. | श्री आनन्द वालविकास केन्द्र | विजयनगर ७ छुअमौली | अनीत चौधरी कुर्मी | ९८०४४२५६११ |
| ७. | श्री मधनगरा वालविकास केन्द्र | विजयनगर १ मधनगरा | दिल कुमारी सुनार | ९८११९४३१९६ |
| ८. | श्री रामनरयण मो. युसुफ वालविकास केन्द्र | विजयनगर ४ वरगदी | प्रभवती पासी | |
| ९. | श्री वालविकास केन्द्र नेवलागंज | विजयनगर १ नेवलागंज | | |
| १०. | श्री जन जगृति वालविकास केन्द्र बद्वौर | विजयनगर ६ बद्वौर | अविका न्यौपाने | ९८४७३७००२६ |
| ११. | श्री ज्ञान वालविकास केन्द्र | विजयनगर ५ डालपुर | सविता चौधरी | ९८०६९१३१०७ |
| १२. | श्री गौतम  वालविकास केन्द्र | विजयनगर ७ माधुनगर | बीना चौधरी | ९८४७२१२३५९ |
| १३. | श्री मनकामना  वालविकास केन्द्र | विजयनगर ७ माधुनगर | छाया चौधरी | ९८११४३१३५९ |
| १४. | श्री दुर्गा वालविकास केन्द्र | विजयनगर ७ माधुनगर | गुडिया देवी | ९८६७३९९२४५ |
| १५. | श्री दुधाधारी वालविकास केन्द्र | विजयनगर १ गुगौली | सरस्वती डुम्रे | ९८४७४२४९८२ |
